नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

**कमल थापासहित ६ जना राजावादी पक्राउ, राजावादी आक्रोशित**

समाचार पृष्ठ ५ मा



वर्ष ३ | अंक १९९ | २०८२ साल जेष्ठ १९ गते सोमबार | Monday 02, June 2025 | सूर्योदय: बिहान ५:११ बजे | सूर्यास्त: साँझ ६:५६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# भ्रष्टाचार भन्दा विकासमा ढिलासुस्ती घातक: प्रधानमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले भ्रष्टाचार भन्दा विकासमा ढिलासुस्ती बढी घातक भएको र सरकारले विकासका कार्यमा कुनै पनि प्रकारका ढिलासुस्तीलाई उन्मुक्ति नदिने बताएका छन् । मधेश प्रदेशअन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयद्वारा आइतबार जनकपुरधाममा आयोजित विशेष समारोहमा डिजिटल प्रविधिमार्फत एकैपटक ६४ आयोजना शिलान्यासमा प्रधानमन्त्री ओलीले विभिन्न कारणले यहाँको भूमिको, जनताको विकास हुन नसकेको भन्दै अब तीब्र गतिमा प्रदेशको विकास हुने बताए ।

उनले विकासमा ढिलासुस्ती हुँदा आयोजनाको लागत बढ्ने बताउँदै त्यो भ्रष्टाचार भन्दा पनि बढी घातक रहेको बताए । उनले अब यो प्रदेश अन्य प्रदेशभन्दा बढी गतिमा विकास हुने बताए ।

प्रधानमन्त्री ओलीले भने, 'यो शिलान्यास कार्यक्रमले विकास निर्माणको काममा अगाढि बढ्ने क्रममा नयाँ संकल्प प्रस्तुत गरेको छ, यस प्रदेशमा केही समय यता विकासको काम प्रसस्त भएको छ । १० हजारभन्दा बढी आवास कार्यक्रमले गरिब निमुखालाई आवास बनाएर हस्तान्तरण गरेको छ । चक्रवात आउँदा नेपाली सेनाले ८ सय ७९ घर तत्काल बनाएर हस्तान्तरण गर्यो ।' प्रधानमन्त्री ओलीले जनकपुरधाममा रेल आएको भन्दै यात्रु बढिरहेको र जनकपुरधाममा रेलको संख्याकै कमी रहेको बताए । उनले रेल्वे आफूहरुसँग दक्ष जनशक्तिको अभाव र अरु देशमाथि भर पर्दा घाटा हुने गरेको बताउँदै यसलाई घटाउन अब आफ्नै देशमा जनशक्ति उत्पादन गर्ने तयारी गरिएको बताए । 'हाम्रो रेल घाटामा किन जान्छ भने हामी आफ्नो मान्छेलाई ट्रेनिङ नै दिँदैनौ । अन्य ठाउँका मान्छेलाई किनेर बढी रुपैयाँ दिएर ल्याउँछौँ । हामीले आफ्नै जनतालाई यसको ट्रेनिङ दिनुपर्छ', उनले भने ।

प्रधानमन्त्री ओलीले सुनकोशी कमला मरिन डाइर्भसनको ठेक्केदारले काम ढिलो गरेकाले छिटो काम गर्न नसके ठेक्का तोडिने बताए । उनले भने, 'अब ढिला सुस्तिले चल्दैन । भ्रष्टाचारभन्दा ठूलो ढिलासुस्ती हो । भ्रष्टाचारमा मात्र हैन ढिलासुस्ती नियन्त्रणमा पनि सरकारले कडाइका साथ ध्यान दिन्छ ।' प्रधानमन्त्री ओलीले यो आइटीको जवाना रहेको भन्दै अब देशमा रकेटको चालले विकास गर्नुपर्ने र त्यस कुरामा सरकारको ध्यान रहेको बताए । प्रधानमन्त्री ओलीले मधेशमा पानीको सतह तल गइरहेको भन्दै धेरै वर्षदेखि चुरे विनास रोक्न विभिन्न समिति बनाइए पनि उनीहरुले काम गर्न नसकेको बताए । उनले चुरेलाई संरक्षण गरे मात्र मधेशको संरक्षण हुने बताए । 'चुरेमा पानीको संग्रह गर्न सक्यो भने पोखरी बनाएर पानी राख्न सक्यो भने मधेश सिञ्चित हुँदैरहन्छ,' उनले भने । उनले यो प्रदेश गरिब नहुनु प्रदेश रहेको भन्दै कसरी यति उर्वरभूमि गरिब भएको भन्दै प्रश्न गरे । यसरी ६४ वटा महत्वपूर्ण तथा ठूला सडक आयोजना विस्तार तथा स्तरोन्नतिक्रममा शिलान्यास भएको क्षणलाई मधेश प्रदेश सरकारले ऐतिहासिक एवम् गौरवका रुपमा स्मरण गर्दै प्रधानमन्त्री ओलीप्रति धन्यवाद व्यक्त गरे ।

भौतिक पूर्वाधार मन्त्रालयका अनुसार अब मधेश प्रदेशअन्तर्गत आठ जिल्लाका ६४ वटा प्रादेशिक निर्वाचन क्षेत्रमा पाँच किलोमिटरका दरले ३ सय २० किलोमिटर लम्बाइको पक्की सडक निर्माण हुनेछ ।

तीन वर्षभित्र सम्पन्न गर्ने कालोपत्रसहितको सो पक्की सडक निर्माणका लागि १२ अर्ब ७० करोड रुपैयाँ खर्च हुने मधेश प्रदेश सरकारले जनाएको छ ।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले विकासको गतिलाई अहिलेको सरकारले अगाडि बढाएको बताउँदै जनताको चाहना अनुसारले विकासले गति पाउने प्रष्ट पारे । सिंहले आफ्नो नेतृत्वको सरकारले मधेशको विकास तथा समृद्धिका लागि गम्भीरतापूर्वक काम गरिरहेको बताए । उनले सङ्घीयताको रक्षा गर्न मधेश सबैभन्दा अगाडि रहेको दाबी गर्दै यहाँका जनता सदैव सङ्घीयताको पक्षमा रहेको स्पष्ट गरे ।

मुख्यमन्त्री सिंहले प्रदेश सरकारको सीमित साधनस्रोत तथा बजेटका बाबजुद १२ अर्ब ७० करोड रुपैयाँको लागतमा मधेशका ६४ वटा सडक निर्माण शुरु भएको र यसलाई तोकिएकै समयमा सम्पन्न गरिने बताए । उनले प्रदेशको समग्र विकास तथा बेथिति नियन्त्रणमा आफूहरू क्रियाशील रहेको उल्लेख गरे । 'हामीले कृषि, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रको विकासमा विशेष जोड दिएका छौँ । आफूले गिट्टी, बालुवाको तस्करी नियन्त्रण र अनुगमन तथा प्रदेशमा कानूनविपरीत सञ्चालित नर्सिङ होम, औषधि पसल तथा निजी अस्पतालको अनुगमन गरी कारबाही गरिरहेका छौँ,' मुख्यमन्त्री सिंहले भने ।

मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले स्रोत सुनिश्चितता भई पूर्वाधार कार्यालयमार्फत ठेक्का प्रक्रिया सम्पन्न भइसकेको र आइतबारको शिलान्यासपछि सडक निर्माणको कामले तीव्र गति लिने बताए ।

उनका अनुसार यसअघि पहिलो चरणमा अगाडि बढाइएका ३ सय २० किलोमिटर सडक योजनामध्ये २ सय किलोमिटरभन्दा बढी निर्माण सम्पन्न भइसकेको छ । बाँकी भागको सडक निर्माण तीव्र रुपमा बढाइने छ । निर्माण हुने सडकको चौडाइ साढे पाँचदेखि सात मिटर हुनेछ । सडकसँगै प्रदेशका ६४ वटै निर्वाचन क्षेत्रमा एक–एक वटा पक्की पुल निर्माणका लागि प्रक्रिया शुरु भइसकेको मन्त्रालयले जनाएको छ । साथै, जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्दै पूर्वाधार निर्माणमा वातावरणमैत्री प्रविधि र उपायको प्रयोग गरिने भएको छ । यो योजनाले मधेश प्रदेशमा सडक पहुँच अभावमा रहेका गाउँलाई यातायात सञ्जालमा जोड्ने, व्यापार–व्यवसाय प्रवद्र्धन गर्ने र स्थानीय उत्पादनलाई बजारसम्म लैजान सहयोग पुर्याउने मन्त्री यादवले बताए । त्यसैगरी कार्यक्रममा मधेश प्रदेशका पूर्व मख्यमन्त्री लालबाबु राउतले अहिलेको योजना आफ्नो नेतृत्वका सरकारले शुरु गरेको बताउँदै ठेक्का कुबल गर्दा थोरैमा गर्ने र पछि काम नै बीचमा छाड्ने गरिएको कारणले गर्दा धेरै समस्या आउने गरेको बताए । नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादवले टुक्रे योजनाबाट प्रदेशको विकास सम्भव नरहेको बताउँदै यसको लागि सरकारले गौरव देखिने गरी योजना ल्याउन आग्रह गरेका थिए ।

कार्यक्रममा मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी, सभामुख रामचन्द्र मण्डल, विभिन्न राजनीतिक दलका संसदीय दलका नेता, प्रदेश सरकारका मन्त्रीसहितको उपस्थिति थियो ।

# बालविवाह अन्त्यमा सामाजिक रुपान्तरण अपरिहार्यः मन्त्री




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साह सुडीले मधेश प्रदेशमा गहिरो रूपमा जरा गाडेर बसेको बालविवाहजस्तो कुप्रथा अन्त्य गर्न केबल कानूनी प्रावधान पर्याप्त नहुने स्पष्ट पारेका छन् । आइतबार जनकपुरधाममा आयोजित 'राष्ट्रिय बालबालिका नीति, २०८०' कार्यान्वयन कार्ययोजना मस्यौदासम्बन्धी मधेश प्रदेशस्तरीय राय–सुझाव कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री साहले मधेशमा अझै पनि बालविवाहलाई परम्परा, सामाजिक कर्तव्य र संस्कारको रूपमा लिइने प्रवृत्तिले समस्या झन जटिल बनाएको बताए । हाल विवाहको कानूनी उमेर २० वर्षबाट घटाएर १८ वर्ष बनाउने प्रस्तावसम्बन्धी बहस चलिरहेका बेला मन्त्री साहले यसमा फरक धारणा राख्दै भने, 'केबल उमेर घटाउने नीतिगत निर्णयले बालविवाह अन्त्य हुँदैन । समाधान त त्यहाँबाट शुरु हुन्छ जहाँ हामीले बालबालिकालाई शिक्षा, सुरक्षा र अवसरको समुचित ग्यारेन्टी दिन्छौँ ।' उनका अनुसार मधेशमा किशोरावस्थामै विवाह हुनुका पछाडि गरिबी, अशिक्षा, सामाजिक दबाव र चेतनाको कमी प्रमुख कारण हुन् । यी जटिल पक्षहरूको सामना नगरी बालविवाहजस्तो समस्याको दीर्घकालीन समाधान सम्भव छैन । मन्त्री साहले स्थानीय, प्रदेश र संघ सरकारबीच सशक्त समन्वय र कार्यान्वयनको आवश्यकता औँल्याउँदै भने, 'कानून त सरकारले बनाउँछ । तर, समाजमा त्यो जिवन्त बनाउन समुदाय, अभिभावक र युवाको सक्रिय भूमिका अनिवार्य हुन्छ ।'

उनले स्थानीय नेतृत्व, धार्मिक अगुवा, शिक्षक, सञ्चारमाध्यम र युवा समूहलाई समेत सामाजिक रूपान्तरणको अभियानमा जोडिन आह्वान गरे । कार्यक्रममा मन्त्री सुडीले बालमैत्री विधेयकको खाका सातवटै प्रदेशमा राय सुझाव संकलनको चरण पार गर्दै संघीय संसद्मा विधेयकको रूपमा दर्ता गर्न लागिएको जानकारी दिए । उनले यो विधेयक बाल अधिकार, संरक्षण, बाल न्याय प्रणाली र सहभागी शिक्षाका सवालमा उल्लेखनीय नीति सुधार ल्याउने अपेक्षा गरिएको बताए ।

मन्त्री साहले सरकारको दीर्घकालीन लक्ष्यको बारेमा भने, 'हामी नेपाली बालबालिकालाई सडकमा नभई विद्यालयको डेस्कमा देख्न चाहन्छौँ ।' उनले बालविवाह, बालश्रम, विद्यालय छाड्ने दरजस्ता समस्याको सम्बोधनलाई सरकारको प्राथमिकतामा राखिएको बताए ।

# विकासको पर्खाइमा मधुरीजब्दी बजार

**मुकेश सिंह**
**बारा ।**
महागढीमाई नगरपालिका–११ अन्तर्गतको मधुरीजब्दी बजार अझै पूर्वाधार र सेवासुविधाको अभावमा विकासको मूलधारबाट पछाडि छ । स्थानीय बासिन्दा लामो समयदेखि आधारभूत आवश्यकता माग गरिरहेका छन् । तर अपेक्षित विकासका योजना अझै कार्यान्वयनमा आउन सकेको छैन ।

स्थानीय सरोकारवालाका अनुसार, बजार क्षेत्र भएर जाने मुख्य सडक वर्षायाममा हिलाम्मे र गर्मीयाममा धुलाम्य हुने गर्दछ । नियमित मर्मतसम्भार अभावले यातायातमा समस्या हुनुका साथै व्यापार व्यवसायमा पनि प्रतिकूल असर परेको छ । यहाँका बासिन्दा अझै पनि नियमित विद्युत् आपूर्तिको प्रतीक्षा गरिरहेका छन् । विद्युत् कटौती, कमजोर ट्रान्सफर्मर र पोलको असुरक्षित अवस्था दैनिक जीवनमा कठिनाइको कारण बनेको छ । खानेपानीका लागि अधिकांश घरधुरी चापाकलमा निर्भर छन्, जसले स्वच्छ र निरन्तर पानी पाउनु चुनौती भएको छ । शिक्षा क्षेत्रमा पनि सुधार खाँचो छ । केही विद्यालयमा योग्य शिक्षकको अभाव, पठनपाठन सामग्रीको कमी र आवश्यक भौतिक संरचनामा नोक्सानीले विद्यार्थीको सिकाइ प्रभावकारी बन्न सकेको छैन ।

स्थानीय नागरिक भन्छन्, 'हामी वर्षौँदेखि विकासको सपना देखिरहेका छौँ । हरेक निर्वाचनमा नेताले सडक, बिजुली, अस्पताल, विद्यालय बनाउने सपना देखाउँछन्, तर कामको थालनी नहुँदै अर्को चुनाव आउँछ ।' महागढीमाई नगरपालिकाका जनप्रतिनिधिले भने आगामी आर्थिक वर्षमा मधुरीजब्दी बजारलाई प्राथमिकतामा राखेर सडक स्तरोन्नति, खानेपानी योजना, कृषि तथा सिँचाइ सुबिधाको विस्तार गर्ने योजना रहेको बताएका छन् । समृद्धि र सुशासनको आधार स्थानीय विकास नै हो । मधुरीजब्दी बजारजस्ता उपेक्षित क्षेत्रको दिगो र समावेशी विकास योजनामार्फत मात्र राष्ट्रिय समृद्धिको सपना साकार हुनसक्छ । स्थानीय सरकार, संघीय निकाय र नागरिक समाजबीचको सहकार्यले मात्र मधुरीजब्दी बजारलाई विकासको उज्यालोमा अघि बढाउन सम्भव छ ।

# प्रधानमन्त्री आएकै दिन सिडिओ 'वरण्डा'मा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आइतबार प्रधानमन्त्री केपी शर्मा ओली १२ अर्ब रुपैयाँको आयोजना उद्घाटन गर्न आएकै दिन धनुषाका प्रमुख जिल्ला अधिकारी (सिडिओ) रामु राज कडरियाको सरुवा भएको छ । गृहमन्त्री रमेश लेखकले आइतबार गरेको केही सहसचिवहरुको हेरफेरमा धनुषाका सिडियो कडरियालाई गृह मन्त्रालयको वरण्डामा पुर्याएका छन् । उनको गृहमा हुने भूमिकाबारे खुलाइएको छ । तर उनका ठाउँमा भने मन्त्रालयको वरण्डामै हल्लिइरहेका शंकरहरि आचार्य आउने भएका छन् । भूमिकाविहीन भएर मन्त्रालयको वरण्डामा हल्लिइरहेका आचार्य धनुषाको सिडिओ भएका छन् । गृहमन्त्री लेखकले आइतबार मन्त्रस्तरीय निर्णय गर्दै ६ सहसचिवको सरुवा गरेका हुन् । गृह मन्त्रालय स्रोतका अनुसार बर्दियाका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मालाई कास्कीको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा सरुवा गरिएको छ भने त्यहाँ कार्यरत भरतमणि पाण्डेलाई मन्त्रालय तानिएको छ । मन्त्रालयको वरण्डामा रहेका सहसचिव सुरेन्द्र पौडेललाई बर्दियाको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिइएको छ । यस्तै पाँचथरको रिक्त प्रमुख जिल्ला अधिकारीमा सहसचिव अरुण पोखरेललाई पठाइएको छ । पाँचथरका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद कोइरालालाई यसअघि नै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयको प्रमुख अध्यागमन अधिकृत बनाइएको थियो ।

प्रमुख अध्यागमत अधिकृत तीर्थराज भट्टराई भिजिट भिसाका नाममा मानव तस्करीमा संलग्नता देखिए लगत्तै गृहमन्त्री रमेश लेखकले अख्तियारले छानबिन शुरु गरेको जानकारी पाउने बित्तिकै बचाउनेगरी मन्त्रालयमा सरुवा गरेर तानेका थिए ।

# ‘गणतन्त्रवादी शक्ति एक हुनुपर्ने बेला आएको छ’

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सचिव छविलाल विश्वकर्माले वर्तमान व्यवस्था जोगाउनका निम्ति सम्पूर्ण गणतन्त्रवादी शक्ति एकजुट हुनुपर्ने आवश्यकता औँल्याएका छन ।




राष्ट्रिय दलित पत्रकार सङ्घ नेपाल (नाडजोड) को छैटौँ स्थापना दिवसका अवसरमा आईतवार आयोजित कार्यक्रममा उनले पछिल्लो परिवर्तन लामो सङ्घर्ष र बलिदानीबाट आएकाले यसको विकल्प नरहेको बताए । सचिव विश्वकर्माले भने,‘सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, धर्मनिरपेक्षता यत्तिकै आएको होइन, त्यसकारण यसको विकल्प छैन । तथापि सम्पूर्ण गणतन्त्रवादी शक्तिले आफूलाई आत्मसमीक्षा गर्दै कमीकमजोरी सुधार्दै अगाडि बढ्नुपर्ने आवश्यकता छ ।’ नेकपा (एकीकृत समाजवादी) का सचिव गणेश विकले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालगायत राज्यका हरेक संरचनामा दलित समुदायको समान सहभागिताका निम्ति सबैभन्दा पहिला राजनीतिक पार्टी नै दलितमैत्री बन्नुपर्ने बताए ।

नाडजोनका अध्यक्ष तथा सभासद् विनोद पहाडीले नेपाल पत्रकार महासङ्घ समावेशी बन्दै गर्दा राजनीतिक पार्टी निकट पत्रकार सङ्घ–सङ्गठनसमेत समावेशी बन्नुपर्ने बताए । उनले सरकारी सञ्चारमाध्यमको नीति निर्माण तहमा दलित समुदायको सहभागिताको सुनिश्चित गरिनुपर्नेमा जोड दिए।

सभासद् कमला विश्वकर्माले दलित समुदायभित्र पनि दलित महिला दोहोरो विभेदमा परेको उल्लेख गर्दै उनीहरूको समग्र विकासका निम्ति राज्यले विशेष व्यवस्था गर्नुपर्नेमा जोड दिईन । वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य राजकुमार हिङमाङ्ले दलित समुदायको प्राप्त अधिकार कार्यान्वन र थप अधिकारका लागि दलित समुदायले एकीकृत हुँदै सङ्घर्ष गर्नुपर्ने बताए । नेकपा (माओवादी केन्द्र) निकट दलित मुक्ति मोर्चाका उपाध्यक्ष पदम विश्वकर्माले दलित समुदायबारे संवैधानिक अधिकारको व्यावहारिक कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।

नेपाल पत्रकार महासङ्घका महासचिव रामप्रसाद दाहालले महासङ्घलाई थप समावेशी बनाउनका लागि आफूले सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । प्रेस कमजोर हुँदा वर्तमान राजनीतिक व्यवस्था पनि कमजोर हुने उनको भनाइ छ । महासचिव दाहालले सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेटमा आमसञ्चारमाध्यमलाई समावेश गर्न नसकेको गुनासो गरे ।

नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) का अध्यक्ष लक्की चौधरीले सीमान्तकृत समुदायका संवैधानिक अधिकारलाई कानुन बनाएर कार्यान्वयन गरिनुपर्ने बताए । दलित समुदायद्वारा खोलिएका मिडियालाई सरकारले निःशुल्क दर्ता र संरक्षण गर्नुपर्ने उनको भनाइ थियो ।

नेपाल प्रेस युनियनका उपाध्यक्ष नहकुल अर्यालले सबै प्रकारका विभेदविरुद्ध मिडिया सञ्जाल बनाएर काम गर्नुपर्नेमा जोड दिए । प्रेस चौतारी नेपालका महासचिव हिरामान लामाले आमसञ्चारमाध्यम सदियौँदेखि उत्पीडितमा पारिएका दलित समुदायको आवाज बन्नुपर्नेमा जोड दिए ।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य साविती रसाइली, प्रेस सेन्टर नेपालका उपाध्यक्ष लक्ष्मण खड्का, मधेशी पत्रकार समाजका अध्यक्ष मोहन सिंह, सञ्चारिका समूहका केन्द्रीय सदस्य विष्णु पन्थी, क्रान्तिकारी प्रेस सङ्गठनका अध्यक्ष नारायण शर्मा र समाजवादी प्रेस सङ्गठनका उपाध्यक्ष कृष्णराज गौतमले आमसञ्चारमाध्यम दलित, महिला, जनजाति र मधेशी समुदायको विषयवस्तु र सहभागीका हिसाबले समावेशी हुनुपर्ने धारणा राखे । सङ्घ देशभरका दलित समुदायका पत्रकारलाई सङ्गठित गर्दै उनीहरूको अधिकारका लागि पैरवी गर्ने उद्देश्यसहित विसं २०६७ मा स्थापना भएको थियो । हाल ६० जिल्लामा जिल्ला शाखा गठन गरिएको त्यस अवसरमा जानकारी दिइयो ।रासस

# राष्ट्रपति पौडेलद्वारा भोटोजात्रा अवलोकन



**ललितपुर ।**
राष्ट्रपति रामचन्द्र पौडेलले भोटोजात्रा अवलोकन गरेका छन । उनले आईतवार अपरान्ह ललितपुरको जावलाखेलमा आयोजित भोटोजात्रामा सरिक भएका हुन ।राष्ट्रपति पौडेललाई ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन र प्रमुख जिल्ला अधिकारी रमेश ढकालले स्वागत गरेका थिए ।

हरेक वर्ष राष्ट्र प्रमुखको उपस्थितिमा मच्छिन्द्रनाथको रथमा उभिएर गुठी संस्थानका कर्मचारीले भोटो देखाउने परम्पराअनुसार राष्ट्रपति पौडेलको उपस्थितिमा भोटो देखाइएको हो । त्यस अवसरमा उनले रातो मच्छिन्द्रनाथको दर्शन गर्नुका साथै प्रसाद ग्रहण गरे ।राष्ट्रपति पौडेलले जीवितदेवी कुमारीको समेत दर्शन गरे ।भोटोजात्रा अवलोकन गर्न उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाललगायत विशिष्ट व्यक्तित्वहरू सहभागी थिए ।

वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको रथलाई पुल्चोकबाट गावहाल, मङ्गलबजार, टङ्गाल इटीटोल, कुमारीपाटी मानभवन हुँदै जावलाखेल ल्याइएको चार दिनपछि भोटो देखाएर जात्राको समापन गरिने प्रचलनअनुसार यस वर्षको रथयात्रासमेत सम्पन्न भएको छ ।

गत वैशाख १५ गते रातो मच्छिन्द्रनाथको मूर्तिलाई पुल्चोकमा रथारोहण गरेसँगै जात्रा सुरु भएको थियो । यसलाई नेपालको सबैभन्दा लामो जात्रा मानिन्छ । मच्छिन्द्रबहालस्थित मन्दिरबाट मूर्ति बोकेर रथारोहण गरेपछि उक्त जात्रा विधिवत् रूपमा सुरु भएको थियो ।करिब एक हजार ६०० वर्षअघि सुरु भएको मछिन्द्रनाथको रथजात्रा वैशाख शुक्ल प्रतिपदामा सुरू भएर असार शुक्ल चौँथीसम्म चल्छ ।

भोटो देखाएकै दिन मूर्तिलाई खटमा राखी बुङ्गती पु¥याउनुपर्ने परम्पराअनुसार आजै त्यहाँ पु¥याइने ललितपुर महानगर प्रमुख महर्जनले जानकारी गराए । रासस

# बाढीले विद्युत् सेवा अवरुद्ध २५० परिवार अन्धकारमा

**सङ्खुवासभा ।**
सङ्खुवासभाको उत्तरी क्षेत्र भोटखोला गाउँपालिकामा बाढीले जलविद्युत् आयोजना बगाउँदा विद्युत् सेवा अवरुद्ध भएको छ । भोटखोला–३ मा दुई वटा जलविद्युत् आयोजना बगाउँदा दुई सय ५० परिवार अन्धकारमा बस्न बाध्य भएका छन् ।



शनिबार रातिको वर्षासँगै आएको बाढीले भोटखोला–३ स्थित एक सय २० किलोवाटको हुङगुङ जलविद्युत् आयोजना र १७ किलोबाट क्षमताको क्षुक्सुम लघुजलविद्युत् आयोजना बगाउँदा सिङ्गो गाउँनै अन्धकार भएको भोटखोला गाउँपालिकाका अध्यक्ष वाङछेदर भोटेले जानकारी दिए । बाढीले विद्युत् गृह र विद्युत् उत्पादन गर्ने सामग्रीमा क्षति पु¥याउँदा गाउँ अन्धकार भएको विजुलीबिहीन भएको हो ।

बाढीले जलविद्युत् आयोजना बगाउँदा करोडौँ रुपैयाँको क्षति भएको छ । बाढीका कारण ध्वस्त भएको विद्युत् गहृ बनाउन र पुनः विजुली बाल्न समय लाग्ने अध्यक्ष भोटेले बताए । त्यस्तैगरी बाढीले कोशी राजमार्ग अन्तर्गत खाँदबारी–किमाथाङ्का सडक खण्डको भोटखोला–३ हटिया र हुङहुङ सडक बगाएको छ । बाढी खाँदबारी–किमाथाङ्का सडकखण्ड अवरुद्ध हुँदा यातायात सेवा ठप्प भएको छ । बाढीले खाँदबारी–किमाथाङ्का सडक खण्डमा करिब ५० मिटर कच्ची सडक बगाएको छ ।रासस

# भारतीय दूतावास काठमाडौँले गरे 'साहित्य महोत्सव' आयोजना




**मिश्री लाल मधुकर**
**जनकपुरधाम ।**
मई ३१ मा भारतीय दूतावास काठमाडौँले 'हिन्दी साहित्य महोत्सव' आयोजना गरेको थियो। कार्यक्रमको अध्यक्षता भारतीय दूतावासका प्रथम सचिव बशिष्ठ नन्दनले गरेका थिए। कार्यक्रमका प्रमुख अतिथि नेपाली साहित्य तथा कला जगतका प्रसिद्ध व्यक्तित्व प्रकाश सायमी थिए। विशेष अतिथि त्रिभुवन विश्वविद्यालयको हिन्दी केन्द्रीय विभागका प्रमुख डा. श्वेता दीप्ती थिइन।

यस अवसरमा वक्ताहरूले मईमहिना हिन्दी साहित्यका प्रसिद्ध विद्वान आचार्य महावीर प्रसाद द्विवेदी, छायावादका प्रतिनिधि कवि सुमित्रानन्दन पन्त, गजल तथा गीतका मुकुट नभएका राजा कैफी आजमीको जन्म महिना भएको बताए।

यस अवसरमा प्रमुख अतिथि र विशेष अतिथिले आचार्य महावीर प्रसाद द्विवेदी, सुमित्रानन्दन पन्त, कैफी आजमीको बारेमा विस्तृत छलफल गरे।

कार्यक्रममा भारतीय दूतावास काठमाडौँले त्रिभुवन विश्वविद्यालय हिन्दी विभाग लाई १०० वटा हिन्दी साहित्यका पुस्तकहरू प्रदान गरेको थियो। डा. श्वेता दीप्तीले पुस्तकहरू हस्तान्तरण गरे। कार्यक्रममा डीएवी चाँद बाग, रुपिज इन्टरनेशनल, मोर्डन इन्डियन र राय स्कूलका बालबालिकाहरूले कविता वाचन गरे। कार्यक्रममा हिमालिनी प्रकाशक तथा राजनीतिक विश्लेषक ई. सच्चिदानन्द मिश्रा लगायत धेरै प्रतिष्ठित व्यक्तिहरू उपस्थित थिए।

# नारायणी अस्पतालमा बिरामीलाई फलफुल वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रेस युनियनको ३४औँ स्थापना दिवसको अवसरमा वीरगंजको नारायणी अस्पतालमा बिरामीहरुलाई फलफुल वितरण गरिएको छ । नेपाल प्रेस युनियन पर्साले नारायणी अस्पतालमा भर्ना भइ उपचाररत दुई सय जना बिरामीहरुलाई फलफुल वितरण गरेको हो । प्रेस युनियनको स्थापना दिवसको उपलक्ष्यमा आइतबार अस्पातलको प्रसुती वार्ड, मेडिसिन वार्ड, आइसियु वार्ड, सिसियु वार्ड, पोष्टअप वार्ड, सर्जिकल वार्ड लगायतकामा गरि दुई सय जना बिरामीलाई फलफुल वितरण गरिएको प्रेस युनियन पर्साका अध्यक्ष विजय महतोले जानकारी दिए । वीरगंज महानगरपालिकाका उपमेयर इम्तियाज आलमको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# नालामा डुबेर कर्णको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–१६ नगवा टोलका ५९ वर्षीय अरुण लाल कर्णको नालाको पानीमा डुबेर मृत्यु भएको छ । अल्जाइमर रोगबाट पीडित कर्ण जेठ १६ गते बिहान ‘दाह्री काट्न जान्छु’ भन्दै घरबाट निस्किएका थिए । तर, राति अबेरसम्म पनि घर नफर्किएपछि उनका आफन्तले चिन्तित हुँदै पर्सा प्रहरीमा खबर गरेका थिए । परिवारले दिएको निवेदनको आधारमा प्रहरीले तत्कालै उनको खोजी कार्य शुरु गरेको थियो । उनको खोजी कार्यका लागि विभिन्न सञ्चार संस्थाहरूले पनि सूचनाहरू जारी गरेका थिए । खोजीका क्रममा वीरगंज–१६ मै रहेको नयाँ बस्ती नजिकै रहेको नालाको पानी जमेको खेतमा कर्णको शव डुबेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।


## श्री शिव शंकर जनता माध्यमिक विद्यालय इटहर्वा

विदेह नगरपालिका-९, इटहर्वा

**सहायक लेखापाल पदपूर्ति सम्बन्धी सूचना**

यस विद्यालयमा विद्यालय व्यवस्थापन समितिको बैठक मिति २०८२।०२।१६ गतेको निर्णय अनुसार संघीय अनुदान कोटामा विद्यालय सहायक पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिहरुले सूचना प्रकाशित भएको १५ दिन भित्र आवेदन दिनको यो सूचना प्रकाशन गरिएको सबैमा जानकारी गराईन्छ।

**तपसिल**

१. विज्ञापन नं. ०६/२०८१/०८२
२. पद : सहायक लेखापाल
३. नियुक्तिको प्रकार : करार
४. सेवा सुविधा : प्रचलित नियम बमोजिम
५. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
६. शैक्षिक योग्यता : व्यवस्थापन संकायतर्फ प्रविणता प्रमाण-पत्र वा सोसरह
७. पद संख्या : १ (एक)
८. परीक्षा दस्तुर : १०००।- (एक हजार) मात्र।
९. दरखास्त बुझाउने अन्तिम मिति : २०८२/२/३० गते।
१०. सम्पर्क मिति : पछि तोकिने छ।
११. परीक्षाको किसिम : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक
१२. आवश्यक कागजातहरु :
- नेपाली नागरिकताको प्रतिलिपि - २ थान
- शैक्षिक योग्यताको छापा प्रति - २-२ थान सबैको
१३. स्थान: श्री शिव शंकर जनता मा.वि. इटहर्वा, विदेह न.पा.-९ इटहर्वा
१४. सम्पर्क नं. : ९८०४८६८४३६, ९८४४४५४८१४



## श्री शिव शंकर जनता माध्यमिक विद्यालय इटहर्वा

विदेह नगरपालिका-९, इटहर्वा

**शिक्षक पदपूर्ति सम्बन्धी सूचना**

यस विद्यालयमा विद्यालय व्यवस्थापन समितिको बैठक मिति २०८२।०२।१६ गतेको निर्णय अनुसार संघीय अनुदान मा.वि. कोटामा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक महानुभावहरुले तपसिल बमोजिम योग्यता पुगेका व्यक्तिहरु समयमा सम्पर्क गर्नुहुन जानकारीको लागी यो सूचना पुनः तेस्रो पटक प्रकाशित प्रकाशित मिति : २०८२।२।१६ गते प्रकाशन गरिएको छ।

**तपसिल**

१. विज्ञापन नं. ०५/०८१/०८२
२. नियुक्तिको प्रकार : करार
३. पद : संघीय अनुदान मा.वि. तृतीय श्रेणी
४. पद संख्या : २ (दुई)
५. विषय : अङ्ग्रेजी र विज्ञान
६. शैक्षिक योग्यता : अङ्ग्रेजीका लागि वि.एड वा सो सरह र विज्ञानका लागि वि.एस.सी. वा सोसरह
७. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
८. दस्तुर : १०००।- (एक हजार) मात्र।
९. परीक्षाको किसिम : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक
१०. आवश्यक कागजातहरु :
- नेपाली नागरिकताको प्रतिलिपि - १ थान
- शैक्षिक योग्यताका सम्पूर्ण कागजातहरुको फोटोकापी एक-एक थान।
११. अनुभव भएको : अनुभव भएको प्रमाण-पत्र
१२. दरखास्त बुझाउने अन्तिम मिति : २०८२/२/२२ गते। कार्यालय समय भित्र।
१३. निरोगिता : निरोगिता प्रमाण-पत्र
१४. तलब : प्रचलित नियम अनुसार
१५. सम्पर्क मिति : २०८२/२/२३ गते
१६. सम्पर्क नं. : ९८०४८६८४३६, ९८४४४५४८१४
१७. स्थान: श्री शिव शंकर जनता मा.वि. इटहर्वा, विदेह न.पा.-९ इटहर्वा

सम्पादकीय

# विवाह उमेरबारे वाहियात कुरा

*महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले मधेशमा जरा गाडेर बसेको बालविवाहको अन्त्यका लागि कानून मात्रै पर्याप्त नभएको बताएका छन् । उनले राष्ट्रिय बालबालिका नीति, २०८० को कार्यान्वयन कार्यायोजनाको मस्यौदामा राय सुझावमा मधेशमा सामाजिक र सांस्कृतिक रूपमा बालविवाहलाई अझै पनि स्वीकार गरिएको बताउँदै कानूनी प्रतिबन्ध प्रभावकारी रूपमा कार्यान्वयन गर्न कठिनाइ भइरहेको स्वीकारे । विवाहको कानूनी उमेर २० वर्षबाट घटाएर १८ वर्ष प्रस्ताव गरिएकामा मन्त्री सुडीले उमेर घटाउनु नै समाधान नभएको जिकिर गरे । बालबालिकाको भविष्य सुनौलो बनाउन, उनीहरूलाई शिक्षा, सुरक्षा र अवसर दिने वातावरण निर्माण गर्नतर्फ ध्यान केन्द्रित हुनुपर्ने हो। मन्त्री साहले बालविवाहविरुद्धको अभियान सफल पार्न सङ्घ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय आवश्यक रहेको औपचारिक कुरा भन्दा मधेशलाई समस्यारहित बनाउने काममा केही खाका दिन सकेनन्।*

*एकबारको जूनीमा मन्त्री भएपछि यस्तै औपचारिक कुरामा मन्त्रीहरुको गफगाफ केन्द्रित हुन थालेको छ । नेपाली बालबालिका सडकमा नरहुन् भन्ने सरकाको चाहना छ भनेर उनले सुनाए तर मधेशमा अकालमा बालिका, किशोरी, युवती र महिलाको मृत्यु भइरहेको डरलाग्दो तथ्यांकमा मन्त्रीको कुनै राय आएन । आउँदैन पनि । मधेशी समाजमा छोरीमाथि भइरहेको ताडना र असुरक्षा अनि परिवारमा बढिरहेको असुरक्षालाई सरकारले गतिलोसँग कारबाहीको डण्डा घुमाउनु पर्नेमा जब मन्त्री नै औपचारिक कुरामा सीमित हुन्छन् भने समाज आफैँ र सजिलै सुध्रने कुरै भएन । अहिले सरकारले सातै प्रदेशमा गएर बालबालिकाको सम्बन्धमा सुझाव ग्रहण गरेर संसदमा विधेयक दर्ता गरिरहेको छ । यसमा बालिकाको विवाह उमेर घटाउने प्रस्ताव पनि आएको छ।*

*जुन अत्यन्त घृणित र असामाजिक छ। उमेर पुगेर भएका विवाहमा त परिवार मिलेर छोरीको हत्या भइरहेको छ भने कम उमेरमै विवाहलाई वैधानिकता दिने हो भने छोरीहरुमाथि कलियुगमै सबैभन्दा ठूलो यातना हुनेछ। ती छोरीको आत्माले सबैलाई सराप्नेछ। यसर्थ विवाहको उमेर घटाउने कुरा सर्वाधिक वाहियात हो भनेर खबरदारी गर्न जरुरी छ । मन्त्रीहरु आएको यस्तो कार्यक्रममा उनीहरुको अनुहार नीलो कालो हुने गरी तर्क गर्न जरुरी छ । यस्तो प्रस्ताव ल्याउनेहरु सरकारी आवरणमा छोपिएका छन्, तिनको हुलिया बाहिर ल्याउन जरुरी छ।*

# सिथी नःखः जल संरक्षणको अवसर



प्रा डा तीर्थप्रसाद मिश्र

नेपाल सांस्कृतिक विशेषता भएको मुलुक हो । नेपाललाई सांस्कृतिक सम्पदामा सम्पन्न बनाउन यहाँका धेरै जातजाति तथा समुदायहरूले उल्लेख्य भूमिका निर्वाह गरेका छन्। भूगोलका दृष्टिले सानो भएपनि नेपाल भाषा, संस्कृति, खानपान, रहनसहन, कला र वास्तुकलाजस्ता विविध शिल्पकलाका कारण विश्वमा नै आफ्नो पृथक र मौलिक पहिचान कायम गर्न सफल भएको छ।

नेपालको संस्कृतिको भण्डारलाई उर्वर बनाउने कार्यमा उपत्यकाका नेवार समुदायको देन उपल्लो कोटीको छ । कला र संस्कृति, जात्रा र पर्व, उत्सव र समारोह तथा मनोरञ्जन आदिका कारण आजसम्म पनि काठमाडौँ उपत्यका राजनीतिक मात्र होइन, सांस्कृतिक राजधानी बन्न पुगेको छ । बाह्य र आन्तरिक पर्यटकहरूको आकर्षणस्थल भएको छ। हाम्रा नेवार पुर्खाहरूले लगाएको गुण, सीप, सोच र कौशलको मान गर्दा नै हाम्रो इतिहास सम्मानित हुने कुरामा हेक्का राख्नैपर्छ । हाम्रा पुर्खाहरुले मुलुकलाई प्रारम्भ गरिएका यी प्रशंसनीय कार्यलाई निरन्तरता दिनैपर्ने हुन्छ । लोप हुन दिनुहुँदैन । यसै मर्मलाई आत्मसात् गरी नेवार समुदायहरूले आफ्नो भाषा, संस्कृति, मान्यता र लोक व्यवहारलाई अक्षुण राख्न भगीरथ प्रयत्न गरिरहेका अनेकौँ दृष्टान्त पाइन्छन् । नेवार समुदायले निरन्तरता दिँदै आएका तर मुलुकले ध्यान दिन नसकेको यस्तै एउटा पर्व हो सिथी नःख। नेवारी समाजमा मनाइने पर्वहरू कतिपय जनचेतनामूलक छन् भने कति चाहिँ स्वास्थ्य चेतनासँग सम्बन्धित पनि छन् । यीमध्ये समाजमा पानीको महत्व बुझी पानीको स्रोत संरक्षण गर्ने अभियानको थालनी गरेर प्रारम्भ भएको पर्व हो, सिथी नःख । जललाई पूर्वीय संस्कृतिमा ज्यादै महत्व दिइएको र पवित्र पनि मानिएको छ। दृष्टान्तका लागि प्रत्येक शुभकार्य प्रारम्भ गर्दा स्नान गर्नैपर्ने मान्यता छ भने जलदेवता आराध्य छन्।

सिथी नःख पर्व ज्येष्ठ महिनाको शुक्ल षष्ठीका दिन उमङ्ग र उत्साहका साथ मनाइने प्रचलन रहिआएको छ । सिःथी शब्द संस्कृतको षष्ठीबाट अपभ्रंश भएको हो भने नःख नेवारी (नेपाल) भाषामा पर्व (चाड) हो। यो उत्सव नेपाल संवत्को आठौँ महिनामा पर्दछ। यो पर्व नेपालमा कहिलेदेखि मनाउन प्रारम्भ भएको हो भन्ने कुरा यकीनका साथ भन्न सकिने अवस्था छैन तर लिच्छवीकालदेखि नै यो पर्व सचेतना दिवसका रुपमा मनाउँदै आइएको अनुमान गर्न सकिन्छ।

ज्येष्ठ शुक्ल षष्ठीका दिन बिहानै टोलटोलका बासिन्दाहरू भेला भई सार्वजनिक पोखरी, ढुङ्गेधारा, इनार, नदीनाला आदि जलाशयमा सफा गर्ने कार्य गरिन्छ । वर्षभरि जलाशयमा भएका फोहर पातपतिङ्गर लेउ इयाउ तथा पिँधमा भएका पानी दूषित पार्ने तत्व यस पर्वका दिन फालिन्छ । नेपालमा मनसुन प्रारम्भ भएपछि जलाशयहरु सफा गर्न नसकिने र खेतीपातीको समय प्रारम्भ हुने हुँदा फुर्सद पनि नहुने हुनाले यो दिन उपयुक्त ठानिएको हुनुपर्छ । यो हाम्रा पुर्खाहरूको दूरदृष्टि र सोचको एक अनुपम उदाहरण हो । ढुङ्गेधाराको वरिपरि सफा गरी रङरोगन गर्ने चलन पनि चलेको छ। इनारमा तलसम्म पुगी सफा गर्ने कार्य जोखिमयुक्त मानिन्छ। त्यसैले सबैभन्दा पहिले नाग पूजा गरिन्छ । बत्ती बाली डोरीको सहायताबाट तल पुऱ्याइन्छ । यदि इनारभित्र बत्ती निभ्यो भने इनारमा पस्न बर्जित गरिएको हुन्छ। इनार सफा गर्दा कति जनाको अक्सिजनको अभावमा मृत्यु भएका समाचार छापामा हाल आएको देख्दा हाम्रा पूर्वज वैज्ञानिक थिए भन्ने कुरा सहजै प्रमाणित हुन्छ । बत्ती बालेर तल पठाउने अक्सिजन ग्यासको परीक्षण प्रविधि हो।

जलाशय सफा गरेपछि पञ्चामृत फूल र अक्षता आदिद्वारा पूजा गरिन्छ, नाग देवताको आराधना हुन्छ। यसरी पूजा गरेपछि चार पाँच दिनसम्म तलाउ र इनारको पानी निकालिँदैन। सफा गर्दा र पूजा गर्दाका सामग्री सबै पिँधमा जम्मा भएपछि मात्र पानी स्वच्छ हुने हुँदा उक्त व्यवस्था गरिएको हो। पानी सफा गर्नु चुनको प्रयोग गरिन्छ, चुनले पानी स्वच्छ बनाउने विश्वास गरिन्थ्यो । यस पर्वको दिन किसानले आफ्नो खेतबारीमा बँ पूजा अर्थात् भूमि पूजन गर्ने र खेतबारीमा काम नगर्ने चलन छ। सोही दिन नेवार समाजमा कुलपूजा गर्ने तिथि थाहा नहुनेहरूले देवाली (कुलपूजा) गर्ने गर्दछन् । सोही दिन एकअर्कालाई शुभकामना दिने कार्य पनि गरेको पाइन्छ । यसैदिन नवविवाहित छोरीलाई घरमा आमन्त्रण गरिन्छ र मिष्ठान्न परिकारसहित भोज खुवाउने रित पनि चलेको छ। यस पर्वपछि खेतीपातीको समय पर्ने हुँदा केही महिनासम्म कुनै चाडपर्व उत्सव नमनाउने संस्कृति पनि विद्यमान छ। अतः यो वर्षकै अन्तिम पर्व हो भन्न सकिन्छ।

सिथी नःखलाई कुमार षष्ठी पनि भन्ने गरिन्छ। यस दिन कुमार कार्तिकेयको जन्मदिनको अवसर भएको जनविश्वासका आधारमा कुमार कार्तिकेयको पूजा अर्चना र आराधना गर्ने गरिन्छ । कुमारलाई बहादुरी र पराक्रमको प्रतीकका रुपमा लिने र जनताको रक्षकका रुपमा पूजन गरिन्छ । यसैगरी कुमारको उपासनाबाट बाली सप्रने र बर्सात्को समयमा लुतो, घाउ, खटिराजस्ता छालामा लाग्ने रोगले दुःख नदिने विश्वास पनि गरिन्छ।

भक्तपुरमा राजा यक्ष मल्लले सहरलाई अग्लो पर्खाल घेर्न लगाई छेउमा हिलेपोखरी निर्माण गरेका थिए। साथै सिथी नःखको दिन सबै किल्ला सफा गर्ने परम्परा चलाएका थिए भन्ने भनाइ छ । यसै दिन भक्तपुरको चासखेलमा चण्डीदेवीको पूजा गरिन्छ भने काठमाडौँको जैसीदेवलमा शिव पार्वतीका ज्येष्ठ पुत्र कुमार कार्तिकेयको मूर्तिलाई स्नान गराएर विशेष पहिरन गहना आभूषण आदि लगाई खटमा राखी नगर परिक्रमा गर्ने गरिन्छ।

यसैगरी मध्यपुरथिमीमा करुणामयको भव्य खटजात्रा गरी स्नानपश्चात् विभिन्न पूजा गरी यसै दिन जात्रा गर्ने परम्परा छ । सोही पर्वको उपलक्ष्यमा कागजको पङ्खा बनाएर कौसीमा राख्ने गरेको पनि आजसम्म देखिँदैछ। यसैदिन नेवार समुदायले आफ्नो घरको प्रवेशद्वारमा आठवटा कमलको फूलको चित्र कागजमा र धातुमा कुँदी राख्ने प्रचलन पनि छ। यसलाई कुमार कार्तिकेयप्रति आस्थाभक्तिको प्रतीकका रुपमा लिइन्छ । यस क्रियालाई पिखालखु भनिन्छ। पिखालखु नेवारी संस्कृतिकै एक महत्वपूर्ण विशेषता हो । यो संस्कार भक्तपुरमा विशेष रूपमा उल्लेख्य छ । पिखालखुले सार्वजनिक स्थल समाप्त भई व्यक्तिको घर परिसर प्रारम्भ भएको सङ्केत पनि गरेको भन्ने भनाइ छ। यो दिन स्नान गर्नाले कुमार कार्तिकेयबाट आशीर्वाद पाई रोगव्याधि नलाग्ने जनविश्वास रहेको देखिन्छ।

सिथी नःखको दिन जलसफाइ कार्यक्रम समाप्त भएपछि सामूहिक र पारिवारिक रूपमा भोज खाने चलन छ । नेवारी समाजमा भोजको आफ्नै संस्कार, अनुशासन र मान्यता छन्। विभिन्न पर्व उत्सव जात्रा र संस्कारमा भोजपिच्छे परिकारहरु फरक फरक हुने गर्दछन्। सिथी नःखमा चटामरी र छ थरीका वँ (बारा), छोइला, चिउरा, दही, तरकारी र अचार खाने गरिन्छ। साथमा थौँ (बियर) र ऐला (रक्सी) पनि सेवन गरी मनाउने गरिन्छ । चटामरी जुन इटालियन पिज्जा जस्तै पूर्ण भोजन हो, पिज्जाभन्दा जेठो आविष्कार हो । यस खानालाई परिस्कृत गर्दै लगेमा आजका युवाहरूको पिज्जाप्रतिको मोहलाई कम गराउन सकिन्थ्यो। अन्य क्षेत्रमा जस्तै खानपिनमा पनि पश्चिमी शैलीको प्रभावले गर्दा रैथाने परिकारको पहिचान हराउँदै जाने हो कि भन्ने सम्भावना बढेको छ । यसतर्फसमेत सचेत रहन यो पर्वले सन्देश दिएको छ।

अध्यात्मिक र धार्मिक जीवनमा जलको महत्त्व हाम्रा पुर्खाले राम्ररी बुझेका थिए र टाढाटाढाका मूल पत्ता लगाई ढुङ्गेधारा निर्माण गराएका थिए। लिच्छवीकाल र मल्लकालमा बनेका ढुङ्गेधाराहरूले नै हिजोसम्म सहरवासीको आवश्यकता पूरा गरेका थिए। ढुङ्गेधाराको निर्माणको प्रविधि कौशल र सीपका विषयमा आज धेरै अध्ययन अनुसन्धान भएका छन् । हाम्रा पुर्खाले दिएका उपचार हामीले संरक्षण त गर्न सकेनौँ उल्टो विनाश गरिरहेका छौँ। काठमाडौँ उपत्यकामा हिजोसम्म चलनचल्तीमा ५७३ ढुङ्गेधाराहरू थिए। यीमध्ये हाल ९८ वटा ढुङ्गेधारा लोप भइसकेका छन् भने २५५ वटा ढुङ्गेधारा सुक्खा भएका कारण पानी नै नआउने अवस्थामा रहेका छन् । बाँकीमा आंशिक पानी आइरहे पनि क्रमशः सुक्ने क्रममा रहेका देखिन्छन्।

हाम्रो स्वार्थका कारण आज काठमाडौँवासीले काकाकुल जीवन बिताउन बाध्य भएका छन्। हामीले देख्दादेख्दै धेरै ढुङ्गेधारा सुकिसकेका र कतिको अस्तित्व नै बाँकी रहेको छैन। हिजो ढुङ्गेधाराले के कति सुविधा दिएको थियो र आज किन भएन भन्ने चेत स्थानीयवासी तथा सरकार दुवैमा देखिएन । काठमाडौँ कङ्क्रिट नै कङ्क्रिटको जङ्गल बन्न पुग्दा परेको पानी सोस्ने जमिन नै नभएको र उक्त कारणले जनजीवनमा परेको असर तथा भविष्यमा पर्न जाने खतरामा सोच्ने फुर्सद कसैमा देखिँदैन। पृथ्वीनारायण शाहले 'षानी भयाका ठाउँमा गाउँ भया पनि गाउँ अरु जग्गामा सारिकन षानी चलाउनु.....घरहरू अरु जग्गामा सारी कुलो काटी षेत बनाई आवाद गर्नु' भन्ने उपदेश दिएका थिए। तर हामीले आज राजकुलो नासी ढुङ्गेधारा मासी आफ्नो पुरुषार्थ देखाउँदैछौँ। हाम्रै कारण सांस्कृतिक सम्पदा विकासको नाममा विनाश हुँदै गएका छन्।

काठमाडौँवासी र सरकारले सिथी नःखको सन्देश बुझ्न सकेको भए आज हाम्रा नदीनाला ढल बन्ने थिएनन्। पानीको आपूर्ति सहज हुने थियो । आज नदीनालाको सफाइमा आन्दोलन नै हुन थालेका छन् भने पानीको स्रोत मेटाएर भीमकाय भवनहरु सरकारले बनाउँदैछ । हामी हाम्रा पुर्खाका कीर्ति मासेर कृतघ्न हुँदैछौँ । विगतमा भएका अप्रिय घटनालाई स्मरण गर्दा र महत्व दिँदा समाजमा द्वन्द्व निम्त्याउन हामी अग्रसर हुने गरेका छौँ तर पुर्खाले प्रारम्भ गरेका राम्रा कार्यको निरन्तरता दिन र उनीहरुले गरेका राम्रा कार्य, राखेका कृतिलाई मास्न हामी तयार छौँ । हामी झिनामसिना कुरामा हड्ताल नेपाल बन्द जस्ता कार्य गर्न तत्पर हुन्छौँ तर सांस्कृतिक धरोहर सम्पदा पुर्खाका कृति मास्न गरेका कार्यको विरोधमा चुँ समेत बोल्दैनौँ। आज भक्तपुर, ललितपुर र काठमाडौँका स्थानीय सरकार पुर्खाबाट पाएका उपहार बचाउन सानोतिनो कसरत प्रारम्भ गर्दैछन्, यो उत्साहजनक कदम हो। अब पुर्खाबाट पाएको सम्पत्ति जोगाउन सम्पूर्ण नेपालीहरू नै जागरुक हुनुपर्ने अवस्था आइसकेको छ । यस कटु सत्यलाई आत्मसात गरी पानीको स्रोत संरक्षण गर्न यस पर्वले हामीलाई उत्साहित बनाओस्। साथै, यस पर्वको दिन जल संरक्षण दिवसका रुपमा घोषणा होस्। रासस

# छ महिनापछि घर फर्किए तिङ्करवासी

नरेन्द्रसिंह कार्की

दार्चुलाको उत्तरी सिमानामा अवस्थित तिङ्कर गाउँमा स्थानीयहरु छ महिनापछि गाउँ फर्किएका छन्। गत मङ्सिरमा चिसो छल्न गाउँ छोडेर खलङ्गा झरेका ७० परिवार पुनःगाउँ फर्किएका हुन् । गएको मङ्सिरमा कठोर जाडो छल्न गाउँ छाडेका यहाँका स्थानीयवासीहरू वैशाख अन्तिम सातामात्रै पुनःफर्किएका छन् । 'छ महिनापछि फर्कदा आफ्नो घरको ढोका देवीदेवता भरोसामा जस्ताकोतस्तै रहेछ,' स्थानीय जसपाल तिङकरीले भन्नुभयो, 'छोडिएका घरका ताला खुलेका छन् ।' गाउँलेहरु घर फर्किएपछि अहिले गाउँमा चहलपहल बढेको छ।

तिङ्कर पुग्न नेपालकै भूमि भएर जान सकिने गोरेटो बाटो छैन। स्थानीयहरू भारतको बाटो हुँदै कठिन यात्रा गरी गाउँ पुगेका छन्, वडा नं १ का सदस्य एवं तिङ्करका स्थानीय हितेश बुढाथोकीले भन्नुभयो, 'आफ्नै भूमि भएर गाउँ फर्किन नपाउँदा नरमाइलो लाग्छ।' आफ्नो गाउँ जान भारतीय अनुमति लिनुपर्दा अपमानित महसुस हुने गरे पनि समयमै पूर्वाधार निर्माणमा ढिलाइ गर्दा यहाँका नागरिकले सास्ती खेप्नुपरेको छ । केही वर्षअघि तिङ्कर पुग्न नेपाली गोरेटो बाटो प्रयोग हुन्थ्यो । गोरेटो बाटो मर्मतमा ध्यान नजाँदा स्थानीयले केही वर्षदेखि आफ्नै गाउँ फर्किन भारतीय भूमि र भारतीय अनुमतिको भरपर्नु परेको छ। व्यास गाउँपालिका अध्यक्ष मङ्गलसिह धामी भन्नुहुन्छ, 'व्यास गाउँपालिका–१ को छाङ्गरु तिङ्कर जोड्ने गरी पटकपटक बजेट नगएको भने होइन् । तर नियमन निकायको अभाव भयो । बजेटको सही प्रयोग हुन नसक्दा यो बाटो कहिल्यै बनेन।' तत्कालीन जिल्ला विकास समिति, गाउँविकास समितिमार्फत बजेट गयो । २०७४ मा स्थानीय सरकार बनेपछि गाउँपालिकाले लगानी गऱ्यो । गत वर्ष पनि बाटो मर्मतसम्भारमा करोड खर्च भयो । तर बाटोको अवस्था उस्ताको उस्तै छ।

विगतमा केही ठाउँमा भारतीय सडक निर्माणका क्रममा नेपालतिरको बाटो अवरुद्ध भएको स्थानीयबासी बताउँछन् । ठाउँठाउँमा भारतले महाकाली नदी किनारैकिनार सडक बनाउँदा बाँध बाँधिदिँदा नेपालतर्फको बाटो क्षति हुन पुगेको छ । केही ठाउँमा पहिरो गएपछि बाटो अवरुद्ध भयो । तम्बाकुलगायत क्षेत्रमा नेपालतिर नदीले पूरै कटान गरेपछि पूर्ण रुपमा बाटो बन्द भएको वडाअध्यक्ष योगेश बोहरा बताउनुहुन्छ । नेपालतिर बाटो नबनेकै कारण व्यासका नागरिक मात्र होइन्, व्यासमा कार्यरत सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० गुल्म, इलाका प्रहरी कार्यालय छाङ्गरु, बिओपी तिङ्कर तथा सीमा चौकी तिङ्करी प्रहरी लगायतले भारतकै बाटोको भर पर्नुपरेको छ । सरकारले विशेष अनुदानअन्तर्गत चालू आर्थिक वर्षमा रु पाँच करोड ५० लाख बजेट पठाएको भए पनि बोलपत्रमा ढिलाइ हुँदा बाटो बन्न सकेन । निर्माण कम्पनी छनोटमा भएको ढिलाइले गाउँपालिकाले केही दिन अघिमात्रै निर्माण कम्पनी छनोट गरेको छ।

विसं २०७७ जेठ ७ गते सरकारले चुच्चे नक्सा जारी गर्दा स्थानीय निकै खुसी थिए । 'भूगोल नआए पनि नक्सामा हाम्रो भन्ने अधिकार पाएको महसुस गऱ्यौँ,' स्थानीय जसमल बुढाथोकीले सुनाउनुभयो, 'अब चाँडै आफ्नै देश भएर आवतजावत गर्ने वातावरण बनोस्।' यहाँका बासिन्दा वर्षको आधा समय खलङ्गामा र बाँकी समय तिङ्करमा बस्ने गर्छन्। उनीहरुको भाषामा यसलाई 'कुञ्चा' सर्नु भनिन्छ। कुञ्चा भनेको सौका समुदायको भाषामा बसाइँसराइ हो। समुद्र सतहबाट तीन हजार ३०० मिटर उचाइमा अवस्थित यस गाउँमा हिउँदको समयमा छ फिटभन्दा बढी हिउँपर्ने हुँदा बस्न सकिँदैन तिङ्करी भन्नुहुन्छ । चिसो छल्न उनीहरू परिवार, पशुचौपाया, खाद्यान्नसहित खलङ्गातिर सर्छन्।

चिसो मौसम भएका कारण छ महिना गाउँ सुनसान हुन्छ। घरका ढोकामा चाबी लगाइएको हुन्छ। तिङ्करीले थप्नुभयो, 'अहिलेसम्म गाउँमा चोरी भएको घटना छैन ।' यहाँका बासिन्दाको मुख्य जीविकोपार्जन कृषि, व्यापार र जडीबुटी सङ्कलन हो। यहाँ फापर, उवा, काकनु, आलु गहुँजस्ता अन्नबाली उत्पादन हुन्छ। उनीहरू गाई, चौँरी, खच्चड, घोडा, बाख्रा पाल्छन्। अहिले गाउँ पुगेपछि स्थानीय आलु फापर, गहुँ, छर्ने तयारीमा छन्।

यहाँ स्वास्थ्यचौकी नहुँदा वर्षको करिब छ महिना पनि उनीहरूलाई सामान्य रोग लाग्दा भारतमा पुग्नुपर्ने बाध्यता छ । धेरैले सिटामोल, दमलगायतका औषधि खलङ्गाबाटै आफूसँगै बोकेर लिने गर्छन् । व्यास–१ को छाङ्गरुमा स्वास्थ्यचौकी छ । तर तिङ्कर गाउँबाट छाङ्गरु आउनजाउन गर्न पाँच घण्टा बढी समय लाग्छ। गाउँमा युवा नहुँदा कोही बिरामी परेमा बोक्ने मानिस पाउन पनि मुस्किल पर्छ । 'पहिले त कोही बिरामी हुँदा पनि चार–पाँच दिनपछि खबर पाउने अवस्था थियो,' बुढाथोकीले भन्नुभयो, 'गत वर्षबाट ल्याण्डलाइन र नेपाल टेलिकमको टु जी फोन सञ्चालन भएपछि केही सहज भएको छ।'

यहाँको मौसम निकै चिसो हुने भएकाले चिसोका कारण बिरामी पर्ने जोखिम उच्च छ । वडा सचिव विनोदसिंह बुढाथोकीका अनुसार तिङ्करमा तीन–चार वर्षअघि निर्माण थालिएको स्वास्थ्य भवन अझै पूरा हुन सकेको छैन। 'समयमै बजेट नआउँदा स्वास्थ्य संस्था सञ्चालनमा आउन सकेको छैन्।' चीनसँगको व्यापार खुला हुँदा तिब्बतसँग किनमेल गर्थे। पछिल्लो समय भने चीनबाट खाद्यान्न आउन रोकिएको छ । नेपालमा मात्रै बसोबास गर्ने व्यासी सौका समुदायको मात्रै यहाँ बसोबास हुन्छ। परम्परागत घरहरुले सुन्दरता दिएको छ। तिङ्कर प्राकृतिक रुपमा अत्यन्त सुन्दर छ। फुलेका मनमोहक फूल, घर नजिकै देखिने नाउर जस्ता वन्यजन्तु, अपि हिमाललगायतका हिम श्रृंखलाहरु, सुदूर हिमाली जीवनशैलीले यहाँलाई विशेष बनाउँछ । सौका समुदायले आफ्नै भाषा 'रङ' बोल्छन्।

तिङ्करमा प्रहरीको बसाइँ पनि छ महिनामात्रै

दार्चुलाको तिङ्कर क्षेत्रमा प्रहरी र सशस्त्र प्रहरीको बसाइ पनि अधिकतम छ महिनासम्म मात्र हुने गरेको छ । चिसो मौसमका कारण सुरक्षाकर्मीहरू स्थानीय जस्तै बसाइँ सर्नुपर्ने अवस्था आइपरेको हो । स्थानीयको कुञ्चा गाउँ पुग्नेबेला सशस्त्र प्रहरी तिङ्कर उक्लिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० गुल्मका गुल्मपति लिलीबहादुर चन्दले बताउनुभयो। अहिले सशस्त्र प्रहरी बल नेपाल ४४ गण हेडक्वाटर दार्चुलाबाट प्रहरीको टोली तिङ्करमा खटिएको छ । उनीहरू भारतीय बाटो हुँदै तिङ्करको छायालेक बिओपी पुगेका हुन्।

दुई वर्षदेखि तिङ्करको छायालेकमा सशस्त्र प्रहरी बस्न थालेको हो । व्यासकै छाङ्गरुमा गुल्म रहेको छ। चुच्चे नक्सा जारी भएसँगै यहाँ सुरक्षाकर्मी राखिएको हो। छाङ्गरुमा सशस्त्र प्रहरी र नेपाल प्रहरी वर्षभरि नै बस्ने गर्छन्। नेपाल प्रहरी पनि केही दिनअघि मात्रै तिङ्कर पुगिसकेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका सूचना अधिकारी एवं प्रहरी निरीक्षक छत्र रावतले बताउनुभयो। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# राहुघाट जलविद्युत् आयोजना निर्माणलाई तीव्रता दिन निर्देशन

**म्याग्दी ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको उच्चस्तरीय टोलीले नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरद्वारा यहाँ सञ्चालित ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको आईतवार स्थलगत अनुगमन गरेको छ ।



नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव, मन्त्रालयका ऊर्जा सचिव सुरेश आचार्य र प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले आयोजना अनुगमनपछि निर्माणलाई गति दिन ठेकेदार कम्पनीका प्रतिनिधिलाई निर्देशन दिए ।

राजदूतावास, मन्त्रालय र प्राधिकरणको नेतृत्वबाट स्थलगत निरीक्षण गरेर निर्माण कार्यलाई जतिसक्दो छिटो सम्पन्न गराउन निर्देशन प्राप्त भएको रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले बताए ।

विसं २०८२ असार १५ गतेभित्र सम्पन्न गर्ने कार्ययोजनाअनुसार आयोजना निर्माण अघि नबढेपछि भारत सरकार, ऊर्जा मन्त्रालय र विद्युत् प्राधिकरणले चासो देखाएका हुन् । हालसम्म ७९ दशमलव ५० प्रतिशत भौतिक प्रगति भएको आयोजनाका सिभिल ठेकेदार जयप्रकाश एशोसियट्स र इलेक्ट्रोमेकानिकल ठेकेदार भेलले सन् २०२५ डिसेम्बर ३१ सम्मको समय मागेका छन् ।

करिब ४५ महिनामा सम्पन्न गर्ने लक्ष्यसहित सन् २०१७ को नोभेम्बरमा ठेक्का सम्झौता भएको सिभिल ठेकेदारको तेस्रो पटक थप भएको म्याद सन् २०२५ जुन २७ मा सकिँदैछ । अनुगमनमा आएको टोलीसँग जयप्रकाशका व्यवस्थापक हरिश अग्रवाल र भेलका प्रतिनिधी हर्ष बर्दनले म्याद थपको प्रस्ताव गरेका थिए ।

राजदुत श्रीवास्तव, ऊर्जा सचिव आचार्य र प्राधिकरणका निर्देशक शाक्यले पटकपटक म्याद थप गर्दासमेत सन्तोषजनक काम हुन नसकेकोप्रति असन्तुष्टि जनाउँदै प्रस्तावित म्यादभित्र सम्पन्न गर्ने कार्ययोजनाप्रति विश्वास गर्ने वातावरण बनाउन ठेकेदार कम्पनीका प्रतिनिधिलाई निर्देशन दिए ।

रघुगङ्गा गाउँपालिका–४ दग्नाम र वडा न ५ झिँ को फेदीमा बाँध, छ किलोमिटर २७० मिटर लामो मुख्य सुरुङ र तिल्केनीचौरमा विद्युतगृह निर्माणको काम ९० प्रतिशत सकिएको छ । विद्युतगृहको उपकरण जडान र स्वीच्यार्ड निर्माणमा भएको ढिलाइप्रति टोलीले चासो व्यक्त गरेको छ ।

निर्यात (एक्जिम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा नेपाल विद्युत् प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा कम्पनीको अवधारणा तथा इञ्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्रयाक्ट (इपिसी) प्रारुपमा सो सञ्चालन गरिएको हो ।

कमजोर आर्थिक अवस्थाका कारण २०७२ मा पुरानो ठेकेदार आइभिआरसिएलसँगको ठेक्का तोडेर कम्पनीको अवधारणा र इञ्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्रयाक्ट (इपिसी) प्रारुपमा उक्त आयोजना निर्माण अघि बढाइएको थियो ।रासस

# कमल थापासहित ६ जना राजावादी पक्राउ, राजावादी आक्रोशित

**काठमाडौं ।**
निषेधित क्षेत्र तोड्न खोजेको भन्दै राप्रपा नेपालका अध्यक्ष कमल थापासहित ६ जना राजावादी पक्राउ परेका छन् ।

नक्साल, नारायणचौरवाट वालुवाटारतर्फ जान खोज्दा थापासहित ६ जना राजावादी पक्राउ परेका हुन् । राप्रपा नेपालका अनुसार यसरी पक्राउ पर्नेमा थापासहित शिला राणा, राकेश बस्नेत, रामचन्द्र लामिछाने, विनोद कपाली र सरोज तिमिल्सिना रहेका छन् ।

उनीहरूलाई काठमाडौं जिल्ला प्रहरी परिसर, भद्रकालीको हिरासतमा राखिएको छ । राजावादीको भिडलाई उक्साएको आरोपमा थापासहितलाई पक्राउ गरेको काठमाडौँ प्रहरी परिसरका प्रवक्ता एसपी अपिलराज बोहोराले जानकारी दिए। पक्राउ परेका ६ जनालाई अहिले परिसरको हिरासत कक्षमा राखिएको छ । जेठ १५ गते गणतन्त्र दिवसकै दिनदेखि राजावादी दल र संगठनहरू गणतन्त्रको विरुद्धमा आन्दोलनमा उत्रिएका छन्।

राजावादी आन्दोलनवाट राप्रपा नेपालका अध्यक्ष कमल थापा पक्राउ परे पछि उनका आन्दोलनका मुख्य सहयोगी राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन आक्रोशित भएका छन् । अध्यक्ष थापालाइ प्रहरीले हस्तक्षेप गरी पक्राउ गरी लगे पछि लिङ्देन आक्रोशित भएका हुन ।

'हामी शान्तिपुर्ण प्रदर्शन गरिरहेका छौं, आज प्रहरीले दमन गरेको छ, यो सहय छैन्,' थापा पक्राउ परे पछि लिङ्देनले भने, 'खास लडाइ अब भोलीवाट सुरू हुन्छ, हामी एक ठाउँमा जम्मा हुदैनौं, ५० ठाउँवाट जुलुस निकाल्छौं ।'

नारायणचौर, नक्सालमा जम्मा भएर बालुवाटारतर्फ जान लाग्दा प्रहरीले प्रदर्शनीकारी माथी हस्तक्षेप गरेको हो । सो प्रदर्शनमा प्रहरीले लाठी चार्ज गर्दा केही घाइतेसम्म हुन पुगेका छन् ।

# पर्यटक सवारीसाधनलाई निर्वाध सञ्चालन गर्ने वातावरण बनाउन आग्रह

**गण्डकी ।**
पोखरा पर्यटन परिषद्‌ले पर्यटक सवारी साधनहरूलाई निर्वाध रुपमा सञ्चालन गराउन सम्बद्ध सबै पक्षसँग आग्रह गरेको छ ।

परिषद्का अध्यक्ष तारानाथ पहारीले आईतवार विज्ञप्ति जारी गर्दै पर्यटन राजधानी पोखरा र गण्डकी प्रदेशमा हालै पर्यटक सवारी साधनहरुको संञ्चालनका क्रममा भएको अवरोधहरूप्रति ध्यानाकर्षण गराउँदै बन्द हड्तालमा पनि पर्यटक सवारीसाधनहरुलाई निर्वाध रुपमा सञ्चालन गर्ने वातावरण सृजना गर्न सार्वजनिक यातायात बचाउ सङ्घर्ष समिति र सबै पक्षसँग आग्रह गरेका हुन ।

यस्ता अवरोधहरूले गण्डकी प्रदेशको समग्र पर्यटन व्यवसायमा असर पार्नुका साथै आन्तरिक तथा बाह्य पर्यटकहरुमा नकरात्मक सन्देश प्रवाह हुने खतरा बढ्ने भन्दै विज्ञप्तिमा पर्यटन क्षेत्र नेपालको समृद्धिको मुख्य आधारमध्ये एक भएको र यसलाई व्यवस्थित एवं सुरक्षित बनाउनु सरोकारवालाहरुको साझा दायित्व भएको भनिएको छ ।

बन्द नै समाधान नभएको भन्दै परिषदले सबै सरोकारवाला निकायहरू प्रति गम्भिर ध्यानाकर्षण सहित शान्तिपूर्ण, व्यवस्थित र पर्यटकमैत्री वातावरण निर्माण गर्न आग्रह गरेको छ ।रासस

# माओवादी केन्द्रद्वारा वृक्षारोपण

**झापा ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) दमक नगर कमिटीले यस वर्ष पनि वृक्षरोपण कार्यक्रमलाई निरन्तरता दिएको छ ।

फलफूलमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ माओवादी केन्द्रले गतवर्षदेखि सुरु गरेको वृक्षरोपण कार्यक्रमलाई यसवर्ष पनि निरन्तरता दिएको जनाएको छ । माओवादी केन्द्र दमक नगर कमिटी अध्यक्ष रवि बस्नेतका अनुसार 'ग्रीन दमक, क्लिन दमक' नाम दिएर यस वर्ष पनि २५ हजार बिरुवा रोप्ने लक्ष्यका साथ शनिबारदेखि वृक्षरोपण सुरु गरिएको हो ।

दमकको उत्तरी क्षेत्र दमकको हंसेदुम्से सामुदायिक बनको फोहर थुपारिएको सात बिघा क्षेत्रमा दुई हजार बिरुवा रोप्न थालिएको उनको भनाइ छ । वृक्षरोपणमा स्थानीयसहित विभिन्न सामाजिक सङ्घसंस्थाका प्रतिनिधिहरुले श्रमदान गरी आएको अध्यक्ष बस्नेतको भनाइ छ ।

वृक्षरोपण दमकका १० वटै वडाभित्र दुई महिनासम्म चल्ने छ । वृक्षरोपण अभियानको माओवादी केन्द्रका केन्द्रीय सदस्य रञ्जित तामाङले शुभारम्भ गर्नुहुँदै वृक्षरोपण कार्यक्रम पार्टीको मात्र नभएर यो समाजकै अभियान भएको जोड दिए ।

उनले भने, 'यो पार्टी विशेष कार्यक्रम नभइ सामाजिक अभियान हो, अघिल्लो वर्ष ५० हजार बिरुवा दमक नगरभित्रै रोपेका थियौँ, यो वर्ष २५ हजार रोपिने कार्यक्रम छ । अभियानमा यहाँहरु जोडिनुपर्छ ।'

अभियानअन्तर्गत अमला, अम्बक, लिची, कागती, तेजपात, मसला, टिक, खयर ,खमारी, टाँकीलगायत रुख तथा छाँयादार बिरुवा रोपिने पार्टी जिल्ला कमिटी संयोजक राजु आचार्य (अग्नी) ले जानकारी दिए । उनले एक घर दुई बिरुवाको नीतिअनुसार वृक्षरोपण गरिदै आएको र बिरुवालाई नियमित मलजल र गोडमेल एवं संरक्षण भए, नभएको सम्बन्धित वडाले अनुगमन गर्दै आएको जानकारी दिए ।रासस

# कोशी राजमार्गको भोटखोला खण्डमा बाढीले जलविद्युत् आयोजना र सडक बगायो

**सङ्खुवासभा ।**
शनिबार रातिदेखि परेको अविरल वर्षाका कारण कोशी राजमार्गअन्तर्गत सङ्खुवासभाको भोटखोला गाउँपालिका–३ स्थित हटिया र हुङ्गुङ क्षेत्रमा सडक बगाएको छ ।भोटखोला गाउँपालिकाका अध्यक्ष वाङ्छेदर भोटेका अनुसार करिब ५० मिटर कच्ची सडक बगेको छ । बाढीका कारण सडकसँगै लघु जलविद्युत् आयोजना, काठेपुललगायत संरचनामा पनि क्षति पुगेको छ । उनका अनुसार १७ किलोवाट क्षमताको क्षुक्सुम लघुजलविद्युत् आयोजना पूर्णरूपमा बगाएको छ । सो आयोजनाबाट १६० घरधुरीमा विद्युत् आपूर्ति हुँदै आएको थियो । 'बाढीले आयोजना पूर्ण रूपमा बगाएको छ', उनले भने ।

त्यस्तै, १२० किलोवाट क्षमताको हुङ्गुङ जलविद्युत् आयोजनाको मुहानसमेत बाढीले बगाएको अध्यक्ष भोटेले बताए । उक्त आयोजनाबाट २५० घरधुरीले विद्युत् उपभोग गर्दै आएका थिए ।

घटनास्थलमा अहिले प्रहरी, प्राविधिक टोली र जनप्रतिनिधिहरू पुगिसकेका छन् । 'सडक तथा विद्युत् संरचनाको तत्काल मर्मतका लागि प्रक्रिया अघि बढाइने छन, अध्यक्ष भोटेले जानकारी दिए ।रासस

# सप्तकोशीमा डल्फिन गणना

**सुनसरी ।**
कोशी टप्पु वन्यजन्तु आरक्षले आईतवार देखि सप्तकोशी नदीमा पाइने डल्फिनको गणना सुरु गरेको छ । आरक्षले सप्तकोशीमा पाइने डल्फिनको गणना प्रत्येक वर्ष गर्दै आएको छ । यहाँ पाइने गंगेटिक प्रजातिको डल्फिनको गणना यस वर्ष आरक्षले सुरु गरेको हो ।

सप्तकोशीमा सन् २०२२ देखि नियमितरुपमा डल्फिनको गणना हुँदै आएको कोशी टप्पु वन्यजन्तु आरक्षका वरिष्ठ संरक्षण अधिकृत भूपेन्द्रप्रसाद यादवले जानकारी दिए । उनले यस वर्ष राष्ट्रिय प्रकृति संरक्षण कोष, कोशी प्रदेश कार्यालय तथा काठमाडौंस्थित हिमालयन नेचर संस्थालगायतको प्राविधिक सहकार्यमा सुरु गरिएको बताए । उनले चेतनशील स्तनधारी जलचरको रूपमा चिनिने डल्फिन दुर्लभ मानिने जानकारी गराए ।

आरक्षका अनुसार गङ्गा सागरबाट कोशी नदीसम्मको यात्रा गर्ने यी डल्फिन सफा र गहिरो पानीमा विचरण गर्न मन पराउँछन् । चार दिनसम्म चल्ने गणना दुई विधिबाट सम्पन्न हुने बताइएको छ । सन् २०१२ मा ११ र २०१७ मा १७ डल्फिन देखिएपछि डल्फिनको संरक्षणलाई आरक्षले प्राथमिकता दिएको थियो । त्यसयता वार्षिक गणनाको अभ्यास थालिएको हो । आरक्षको तथ्याङ्कअनुसार २०२२ मा १७, २०२३ र २०२४ मा समानरुपमा १९ डल्फिन गणना गरिएको थियो । राष्ट्रिय प्रकृति संरक्षण कोषका कोशी प्रदेश संयोजक वीरेन्द्र गौतमले यस वर्ष डल्फिनको सङ्ख्या बढ्नसक्ने अनुमान व्यक्त गरे ।रासस

# राष्ट्रको समृद्धिलाई केन्द्रमा राखेर काम गर्नुपर्ने

**भक्तपुर ।**
प्रथम महिला राधिका शाक्यले देशको समृद्धिलाई केन्द्रमा राखेर समाजका सबै वर्गले काम गर्नुपर्ने विचार व्यक्त गरेकी छन ।




आईतवार यहाँ आयोजित एक कार्यक्रममा पुस्तक विमोचन गर्दै उनले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर हरेक नेपालीले राष्ट्रका खातिर काम गर्नुपर्ने बताईन ।

देशमा गणतन्त्र स्थापना भएपछि शिक्षा, स्वास्थ्य, कृषि, सडकलगायत क्षेत्रमा स्रोत र साधनले भ्याएसम्म विकास–निर्माणका धेरै काम भएका बताउँदै उनले राजनीतिक परिवर्तनले निराशा बढायो भन्नेहरुलाई इमानदार भएर समीक्षा गर्न आग्रह गरिन ।

'देशमा कही भएन भन्नेहरुले एक पटक देश घुम्नुस्, हेर्नुस्, बुझ्नुस्, सरकार र विभिन्न निकायबाट प्रकाशित विकासका पुस्तकहरु अध्ययन गर्नस्, प्रजातन्त्र स्थापनापछि देशका कति परिवर्तन भएका छन्, केही भएन भन्ने भाष्य गलत हो ।'

केही दिनअघि प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध राजसंस्था पक्षधर समूहका केही व्यक्तिले दिएको अभिव्यक्तिप्रति आपत्ति जनाउँदै उनले शरीरमा एक थोपा रगत भएसम्म देशका लागि लडिरहने प्रतिबद्धता व्यक्त गरिन । देशको समृद्धि नै प्रधानमन्त्रीको एकमात्र लक्ष्य र उद्देश्य भएको उनको कथन थियो । उनले भनिन, 'बालुवाटार घेर्छु भन्नेहरुलाई जनताले चिनेका छन् ।'

समृद्ध मध्यपुर समाजले प्रकाशन गरेको 'जेसुम यात्रा' कविता सङ्ग्रह प्रथम महिला शाक्य, मध्यपुरथिमि नगरपालिकाका पूर्वप्रमुख मदनसुन्दर श्रेष्ठ, जेसुमकी संस्थापक संयोजक एवं बूढानीलकण्ठ नगरपालिकाकी उपप्रमुख अनिता लामाले संयुक्त रूपमा विमोचन गरेका हुन ।

विमोचित पुस्तकमा प्रकाशित प्रधानमन्त्री ओलीका साथै विभिन्न स्रष्टाका रचना वाचन गरिएका थिए ।

पुस्तकमा जेसुमकी संयोजक अनिता लामा, प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेत, साहित्यकार स्नेह साय्मी, फूलमान वल, लक्ष्मी माली, शशि लुमुम्बू, अनन्त वाग्ले, घनश्याम खतिवडाका कविता समावेश छन् । उनिहरूले आफ्ना सृजना सोही कार्यक्रममा वाचन गरेका थिए ।

कला, साहित्य र रङ्गमञ्चमार्फत सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यले यही फागनु १ गते जेसुमले शङ्खधर चोकस्थित शङ्खधरको शालिकबाट सुरु गरी बालकुमारी हुँदै, नगदेश बोडेको कुमारी मन्दिरसम्मका ऐतिहासिक सम्पदाको अवलोकनका क्रममा स्रष्टाहरुबाट सृजना भएका कविता, सम्पदास्थलमै कोरिएका चित्र पनि पुस्तकमा समावेश गरिएका छन् ।रासस

# आयोगद्वारा 'भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन' अभियान

**ओखलढुङ्गा ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले जिल्लामा सरकारी अधिकारी, सञ्चारकर्मी, स्थानीय तहका प्रतिनिधि र सरोकारवाला तथा स्थानीयवासीसँग भ्रष्टाचार निवारणका विषयमा साक्षात्कार गरेको छ ।

आयोगको बर्दिबास कार्यालयका उपसचिव तुलसीराम पराजुलीले देश, प्रदेश तथा जिल्लामा भ्रष्टाचार र उजुरीको अवस्था, भ्रष्टाचार हुने कारण, उजुरी, मुद्दा प्रक्रिया, भ्रष्टाचार न्यूनीकरणका उपाय र भ्रष्टाचार गरेमा हुने कठोर सजायका विषयमा जिल्ला–जिल्लामा पुगेर अन्तर्क्रिया गर्ने गरिएको बताए ।

आयोगको नियमित कार्यक्रमअनुसार जिल्लामा पुग्दा स्थलगत रूपमा त्यस जिल्लामा भए÷गरेका आर्थिक र नीतिगत भ्रष्टाचारका विषयमा जानकारी लिने र आयोगका काम कारबाहीका विषयमा समेत सुझाव लिने गरिएको उनको भनाइ छ ।

कार्यालय प्रमुख रामबहादुर कुरुवाङले भ्रष्टाचार नियन्त्रण गर्ने दायित्व आयोगको मात्र नभई सबैको रहेको बताउँदै कानुनले दिएको अधिकार, कर्तव्य, कार्यविवरणबमोजिम सबैले आ–आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ भने ।

अख्तियारको टोलीलाई ओखलढुङ्गाका जिल्ला समन्वय समिति प्रमुख टेकराज भट्टराई, प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदी र सिद्धिचरण नगरपालिकाका प्रमुख तेजेन्द्र खनालसहितका स्थानीय तहका प्रमुखहरूले सुशासनका सवालमा आफूहरू प्रतिवद्ध भएर आ–आफ्नो क्षेत्रबाट लागिरहेको प्रतिबद्धता व्यक्त गरेका थिए । आयोगमा उजुरी परेका मुद्दा निष्पक्ष छानबिन नहुँदा जिल्लामा अनियमितताका घटना बढेकोतर्फ सचेत हुन यहाँका सरोकारवालाले सुझाव दिएका छन् ।

यसैबीच अयोगमा ओखलढुङ्गाबाट दुई सय ११ वटा भ्रष्टाचारका उजुरी परेका छन् । 'भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवद्र्धन' अभियानका क्रममा ओखलढुङ्गा आएको अख्तियारको टोलीले हाल यस जिल्लाका दुई सय ११ वटा उजुरी परेको तथ्याङ्क सार्वजनिक गरेको हो ।

अयोगको केन्द्रीय कार्यालयका प्रवक्ता एवं सहसचिव राजेन्द्रकुमार पौडेलका अनुसार चालु आर्थिक वर्षमा केन्द्रमा ओखलढुङ्गाबाट सङ्घीय कार्यालयतर्फ १३, प्रदेशअन्तर्गतका १२ र स्थानीय तहका ९९ उजुरी गरी एक सय २४ वटा उजुरी परेको छ । जसमा सङ्घका छ, प्रदेशका पाँच र स्थानीय तहका ६९ उजुरी गरी ८० वटा फछ्र्यौट भएका छन् ।

यस्तै आयोगको बर्दिवास कार्यालयका उपसचिव पौडेलका अनुसार बर्दिबास कार्यालयमा ओखलढुङ्गाबाट जम्मा ८७ वटा उजुरी परेका छन् । जसमा ५० वटा फछ्र्यौट भएको र ३७ वटा कारबाहीको चरणमा छन् । स्थानीय तहगत रूपमा चम्पादेवी गाउँपालिकाबाट सबैभन्दा बढी १७ वटा र लिखु तथा सुनकोशी गाउँपालिकाबाट सबैभन्दा कम पाँच–पाँचवटा उजुरी परेका छन् ।

आयोगको तथ्याङ्कानुसार सबैभन्दा बढी चम्पादेवी गाउँपालिकाबाट १७ वटा उजुरी परेकामा १४ फछ्र्यौट हुँदा तीनवटा बाँकी छन् । चिशङ्खुगढी गाउँपालिकाबाट १४ वटा उजुरी परेकामा सात फछ्र्यौट सातवटा बाँकी छन् । मानेभन्ज्याङबाट ११ वटा उजुरी परेकामा नौ फछ्र्यौट दुईवटा बाँकी छन् । सिद्धिचरण नगरपालिकाबाट १० उजुरी परेकामा तीन फछ्र्यौट सातवटा बाँकी, मोलुङबाट नौ उजुरीमा छवटा फछ्र्यौट तीनवटा बाँकी छन् । लिखु गाउँपालिकाबाट पाँच उजुरी परेकामा तीन फछ्र्यौट दुईवटा फछ्र्यौट हुन बाँकी छन् भने सुनकोशी गाउँपालिकामा पनि पाँचवटा उजुरी परेकामा दुईवटा फछ्र्यौट हुँदा तीन बाँकी रहेको अख्तियारले जनाएको छ । रासस

# प्राङ्गारिक मल उत्पादनसँगै डढेलो नियन्त्रण



**दाङ ।**
यहाँको एक सामुदायिक वन र उपभोक्ता समूहले वन क्षेत्रमा खेर जाने वस्तुबाट प्राङ्गारिक मल उत्पादन गर्दा वन क्षेत्रमा लाग्ने डढेलो नियन्त्रणमा सहयोग पुगेको छ । सुक्खा समयसँगै अन्य वनमा आगलागी भए पनि दाङको लमही नगरपालिका–५ स्थित अजम्बरी सामुदायिक वन क्षेत्रमा आगो लागेको छैन ।

सो वन उपभोक्ता समूहले वन क्षेत्रमा खेर जाने घाँस र पातपतिङ्गरलाई उपयोग गरेर प्राङ्गारिक मल उत्पादन गर्न थालेपछि यो कार्यमा सहयोग पुगेको हो । वन क्षेत्रमा जलेर, कुहिएर नष्ट हुने घाँस र स्याउला सोत्तरलाई उपयोग गरेर गत वर्षदेखि प्राङ्गारिक मल उत्पादन गर्न थालिएको छ ।

समूहका अध्यक्ष पवन शर्मा रिजालका अनुसार पातपतिङ्गरबाट मल उत्पादन र मललाई आम्दानीसँग जोड्ने गरी वन समूह अघि बढेको बताए । पातपतिङ्गर व्यवस्थापनलाई दिगो बनाउन आम्दानीसँग जोडेर प्राङ्गारिक मल उत्पादन थालेको जनाउँदै अध्यक्ष रिजालले भने, 'वन क्षेत्रमा खेर जाने पातपतिङ्गरलाई सदुपयोग गर्दै प्राङ्गारिक मल उत्पादनमा जोडिएका छौँ, यसले सुक्खा समयमा वन क्षेत्रमा लाग्ने डढेलो नियन्त्रणमा समेत सहयोग गरेको छ ।'

सुक्खाका समयसँगै अन्य वनमा आगलागी भए पनि अजम्बरी सामुदायिक वन क्षेत्रमा लागेको छैन । त्यसले गर्दा वनमा खेर जाने वस्तुको सदुपयोग भएको छ भने आगलागी नियन्त्रण र आम्दानीमा सहयोग पुगेको छ । यहाँ वन समूहले प्राङ्गारिक मल उत्पादन गर्न थालेपछि स्थानीय सात जनाले रोजगारी पाएका छन् ।

वन व्यवस्थापनमा आधारित कार्यक्रमअन्तर्गत समुदायिक वन अध्ययन केन्द्रले प्राङ्गारिक मल उत्पादनका लागि औजार सहयोग गरेपछि वन समूह मल उत्पादनमा जुटेको अध्यक्ष शर्मा बताउछन । वन जङ्गलमा सुकेको पातपतिङ्गरसँगै गाईभैँसीको गोबर सङ्कलन गरेर प्राङ्गारिक मल उत्पादनका लागि स्थानीयलाई रोजगारी मिलेको अध्यक्ष रिजालले बताए । अध्यक्ष रिजालका अनुसार वन समूहले प्राङ्गारिक मल उत्पादन गरेर किसानलाई बिक्री गर्ने गरी काम सुरु गरे पनि अहिले थोरै उत्पादन भएको र उक्त मल वन समूहले सञ्चालन गरेको हरित पार्कमा बिरुवा हुर्काउन प्रयोग गरिएको बताए । वन व्यवस्थापन कार्यक्रमअन्तर्गत पर्यटन प्रवद्र्धनसँगै पछिल्लो समय जङ्गलमा खेर जाने घाँस र पातपतिङ्गरलाई सदुपयोग गरेर प्राङ्गरिक मल उत्पादन गरेर अजम्बरी सामुदायिक वन समूहले नमूना काम गरिरहेको डिभिजन वन कार्यालय देउखुरीका प्रमुख महेन्द्रराज वाग्लेले बताए ।

वन समूहको मल उत्पादन गर्ने कार्यले पातपतिङ्गरको व्यवस्थापनसँगै वन समूहलाई आयआर्जनमा सहयोग पुग्ने उनले बताए । प्राङ्गारिक मल तयार गर्नका लागि आवश्यक गोबरको जोहोका लागि छाडा पशु चौपाया व्यवस्थापनसमेत गरिएको मल उत्पादनसम्बन्धी काम गर्दै आउनुभएका लमही–५ लमही निवासी मैते पुन बताउछन ।

वन संरक्षण गरेर काठ, दाउरा उत्पादन गर्दै आएका सामुदायिक वनले पछिल्लो समय पर्यटन क्षेत्र निर्माणसँगै जङ्गलमा खेर जाने घाँस र पातपतिङ्गरबाट जैविक मल उत्पादन गरेर आगामी दिनमा आयआर्जनमा टेवा पुग्ने छ ।रासस

# कुश्माबजारको घण्टाघर दुई वर्षदेखि प्रयोगहीन



**पर्वत ।**
आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणका लागि पर्वत सदरमुकाम कुश्माबजारमा निर्माण गरिएको घण्टाघर दुई वर्षदेखि प्रयोगहीन बनेको छ ।

कुश्मा नगरपालिकाको गौरवको योजनाअन्तर्गत वडा नं ५ बञ्जिसाइडमा निर्माण गरिएका घण्टाघरले पूर्णता पाउनसमेत सकेको छैन। नगरपालिकाको ८० लाख रुपैयाँ लागतमा निर्माण भएको घण्टाघरलाई साँचो लगाएर राखिएको छ भने बाहिरी संरचना जीर्ण बन्दै जान थालेका छन् ।

स्थानीय व्यवसायी बमबहादुर पुनले पर्यटक आकर्षण गर्न बनाइएको घण्टाघर प्रयोगहीन भएको बताए । वरिपरिका घरभन्दा पनि घण्टाघर होचो छ । आर्थिक वर्ष २०७७/७८ को बजेटबाट निर्माण सुरु भएको उक्त संरचना बनाउनुभन्दा पहिलादेखि नै विवादित हुँदै आएको थियो ।

कुश्मा –५ का वडाध्यक्ष रामहरि चापागाईँले अघिल्लो कार्यकालमा निर्वाचित जनप्रतिनिधिले निर्माण गरेको हुँदा सबै जानकारी नभएको बताए । दुई वर्ष अगाडि नै निर्माण सम्पन्न भएको भए पनि टावरमा ताला लगाएर राखिएको उनको भनाइ छ ।

कुश्मा नगरपालिकाका प्रमुख रामचन्द्र जोशी आगामी वर्षको बजेटबाट घण्टाघरलाई पूर्णता दिने जानकारी दिए । उपप्रमुख स्वस्थानी रिजालले नगरभित्र निर्माण भएका संरचनालाई संरक्षण गरी सञ्चालनमा ल्याउने दायित्व नगरको भएकाले समयमा सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिए ।

घण्टाघर सञ्चालनका लागि नयाँ कुनै योजना नभएकाले कसरी सञ्चालन गर्ने भन्नेमा कुनै छलफलसमेत नभएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद पौडेलले बताए । उनका अनुसार घण्टाघरको निर्माण सम्पन्न भएर गत वर्ष नै भुक्तानी भइसकेको र त्यसमा प्रयोग हुने घडी नेपालमा नपाइने भएकाले उपयोग गर्न नसकिएको दाबी गरे ।

साहसिक पर्यटनको हब बन्दै गएको कुश्मामा रहेको विश्वकै दोस्रो अग्लो बञ्जि र विश्वकै लामो सुपरम्यान शैलीको जीपलाइन नजिकै रहेको उक्त घण्टाघरलाई समयमै पूर्णता दिन सकेमा पर्यटकको आकर्षण बढ्ने स्थानीय शिशिर पौडेलले बताए ।रासस

# रुसी कम्युनिष्ट पार्टीका महासचिवलाई नेपाल भ्रमणको निम्तो



**काठमाडौं ।**
नेकपा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले रसियन कम्युनिष्ट पार्टीका महासचिव गेन्नाडी जुगानोभलाई नेपालको मैत्रीपूर्ण भ्रमणको निमन्त्रणा पठाएका छन् । प्रधानमन्त्रीको निमन्त्रणा पत्र रूसको भ्रमणमा रहनु भएका एमाले स्थायी कमिटीका सदस्य राजन भट्टराईले सो भेटका क्रममा महासचिव जुगानोभलाई निमन्त्रणापत्र हस्तान्तरण गरेका हुन । जवाफमा महासचिव जुगानोभले उपयुक्त समयमा नेपालको भ्रमण गर्ने बचन दिएका छन् । जुगानोभसँगको भेटमा एमाले नेता भट्टराईका साथै प्रधानमन्त्री ओलीका आईटी विज्ञ अस्गर अली, नेपालका लागि रस्सियन फेडरेशनका महामहिम राजदूत जंगबबहादुर चौहान तथा प्रवासी नेपाली मञ्च रुसका अध्यक्ष दीनानाथ राजभण्डारीको पनि उपस्थिति रहेको थियो ।करिब डेढ घण्टा भएको उक्त भेटघाटमा दुई पार्टी तथा दुई देशको सम्बन्धका बिविध बिषयमाथी छलफल भएको थियो ।एजेन्सी

# पीएसजी समर्थकद्वारा पेरिसमा तोडफोड, ३०० बढी पक्राउ



**पेरिस ।**
च्याम्पियन्स लिगको फाइनल पछि पेरिसमा दंगा भएको छ । पेरिस सेन्ट जर्मेन (पीएसजी) का फ्यानहरूले आफ्नो क्लबको जितको उत्सव मनाए पछि प्रहरीसँगको भएको झडपपछि पेरिसमा सयौं व्यक्तिलाई पक्राउ गरिएको बीबीसीले जनाएको छ ।शहरको च्याम्प्स एलिसिज एभिन्यू र पिएसजीको पार्क डेस प्रिन्सेस स्टेडियम नजिकै झडप भएपछि अधिकारीहरूले लगभग ३०० जनालाई गिरफ्तार गरिएको हो । जहाँ लगभग ५० हजार मानिसहरूले म्युनिखमा इन्टर मिलान विरुद्ध ५–० को जित ठूला स्क्रिनमा हेरे पछि सो झडप सुरू भएको हो ।

सो अनिन्यत्रित भीडका कारण आतिशबाजीहरू बन्द गरिएको थियो भने बस आश्रयहरू तोडफोड गरियो र अराजक उत्सवहरूको बीचमा कारहरू जलाउने काम भएको थियो ।

पीएसजीले आफ्नो इतिहासमा पहिलो पटक युरोपेली क्लब फुटबलमा सबैभन्दा ठूलो पुरस्कार जित्दा यो अराजकता मच्चिएको हो ।

धेरैजसो फ्यानहरूले सडकमा गीत गाएका थिए भने आफ्नो कारको हर्न बजाएर शान्तिपूर्ण रूपमा उत्सव मनाए। एफिल टावरमा पिएसजीको नीलो र रातो रंगहरु सँग उज्यालो बनाइएको थियो । तर, अचानक हिंसा भडकिन पुगेको हो ।एजेन्सी

# बच्चा कोरल्दै आगन्तुक चरा



**चितवन ।**
गर्मी छल्न र प्रजननका लागि यहाँ आएका आगन्तुक चराले बच्चा कोरल्न थालेका छन् । गत फागुनदेखि यहाँ आउन सुरु गरेका अधिकांश चराले वैशाख र जेठमा बच्चा कोरल्ने गर्दछन् ।

'वर्ड एजुकेसन सोसाइटी' बागमती प्रदेशका अध्यक्ष वासु विँडारी वास्तविक तथ्याङ्क नभए पनि ६० देखि ८० प्रजातिका आगन्तुक चरा चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा यो मौसममा आएको बताउछन । ती चराले बच्चा कोरलेर आफूसँगै लैजाने उनको भनाइ छ । बच्चा उड्नसक्ने भएपछि भदौ र असोजमा ती चरा आफ्नो गन्तव्यमा फर्कने गर्दछन् ।

विश्वमा ११ हजारभन्दा बढी प्रजातिका चरा पाइने तथ्याङ्क छ ।

त्यसमध्ये ४० प्रतिशत हाराहारीले बसाइँसराइ गर्ने विँडारी बताउछन । उनका अनुसार यस क्षेत्रमा वर्षमा दुई पटक आगन्तुक चरा आउने गर्दछन् ।

जाडो र गर्मीमा ती चरा आउने गर्दछन् । जाडो छल्न आउने चराले यहाँ बच्चा कोरल्दैनन् । नेपालमा विश्वका अनेकौँ ठाउँबाट चरा बसाइँसराइका लागि आउने गर्छन् । जाडो मौसममा रसियाको साइबेरिया र मङ्गोलियाबाट नेपाल हुँदै भारतसम्म ती चरा पुग्ने उहाँले जानकारी दिए ।

गर्मीमा यहाँ आउने चरा भारत, श्रीलङ्का, दक्षिण–पूर्वी एशियाली मुलुक र अफ्रिकाबाट आउने गर्दछन् । यी चरा नदी तटीय, वन र घाँसे मैदानमा रमाउने गर्दछन् । विँडारीका अनुसार यो समयमा कोइली, स्वर्गचरी, सुनचरी र बकुल्ला प्रजाति धेरै हुने गर्दछन् ।

वर्ड एजुकेसन सोसाइटी चितवनका अध्यक्ष विजय गिरी यो मौसममा सुन्दर प्रजातिका चरा आउने भएकाले यहाँ घुम्न आउने पर्यटकले चरा अवलोकन गर्न पाउने बताउनुहुन्छ । रुख र झाडीमा बनाइएका गुँडमा भर्खर कोरलेका चराका बच्चाहरु देख्न सकिने उनको भनाइ छ । फागुनदेखि यहाँ आएका आगन्तुक चराले बच्चा कोरले असोजसम्ममा फर्किसक्ने उनले जानकारी दिए ।

नेपालमा ९०० प्रजातिका चरा पाइन्छन् । चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा ६५२ प्रजातिका चरा पाइने गरेका छन् ।रासस

# 'स्वर्णकथा नेपाली फुटबलको' पुस्तक सार्वजनिक




**काठमाडौँ**
नेपाली फुटबलको इतिहास समेटिएको 'स्वर्णकथा नेपाली फुटबलको' पुस्तक सार्वजनिक गरिएको छ । खेल पत्रकार हिमेशरत्न बज्राचार्यले लेखेको उक्त पुस्तक आईतवार आयोजित एक कार्यक्रममा नेपाली राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान राजुकाजी शाक्यले लोकार्पण गरे ।

बुकहिलले प्रकाशन गरेको उक्त पुस्तकमा नेपाली फुटबलको सुरुआतदेखि १०० वर्ष लामो इतिहासका घटनाक्रम समेटिएको छ । पुस्तकमा नेपालले विसं १९८४ र १९९३ मा दक्षिण एसियाली खेलकुद (साग) मा स्वर्ण जित्दाका क्षणहरू पनि समेटिएका छन् ।

नेपाली फुटबल इतिहास समेटेर लेखिएको यो पहिलो नेपाली पुस्तक हो । अखिल नेपाल फुटबल सङ्घका महासचिव किरण राईले लेखकले फुटबलका घटनाक्रमलाई उत्कृष्ट तरिकाले प्रस्तुत गरेको बताउँदै नेपाली फुटबलमा पहिलो दस्ताबेजका रूपमा यो पुस्तक भित्रिएको बताए ।

बुकहिलका भूपेन्द्र खड्काले फुटबलमा रुचि हुने हरेक पाठकका साथै विद्यालयस्तरका विद्यार्थीका लागि पुस्तक उपयोगी हुने बताए । एथ्लेटिक्स खेलकी धाविका सन्तोषी श्रेष्ठले हरेक क्षेत्रमा साहित्य महत्वपूर्ण हुने भन्दै नेपाली खेलकुदमा पनि खेल साहित्य लेखिनुपर्ने आवश्यकता औँल्याए । उनले लेखक बज्राचार्यको नाममै रत्न रहेको र रत्नले लेखेको स्वर्णकथा रत्न जस्तै राम्रो रहेको टिप्पणी गरे ।

लेखक बज्रचार्यले पुस्तक लेखन कार्यमा साथ दिने सबैलाई धन्यवाद दिँदै आफू सानैदेखि फुटबलको समर्थक र पछि फुटबलबारे लेख्दै आएकाले पुस्तक निकाल्ने आफ्नो सपना पूरा भएको बताए ।रासस

# रूसमा रेल्वे ट्र्याकको पुल भत्किँदा ७ को मृत्यु



**मस्को ।**
युक्रेन सीमा नजिकै रुसमा रेलवे ट्र्याकमा राजमार्गको पुल भत्किँदा कम्तिमा ७ जनाको मृत्यु भएको छ ।

आपतकालीन सेवाका अनुसार ब्र्यान्स्कको पुलले चलिरहेको यात्रुवाहक रेलमा धेरै भारी ट्रकहरू थिए ।

जसकारण पुल भत्किदा थप २४ व्यक्तिहरू घाइते भए पनि रिपोर्ट गरिएको छ ।

रुसी आपतकालिन मन्त्रालयले आगलागी र उद्धार इकाइहरूले ट्रेनमा यात्रा गरिरहेका मानिसहरूलाई खोज्ने प्रयास गरिरहेको बताएको छ ।

टेलिग्राममा पोस्ट गरिएको एक विज्ञप्तिमा उल्लेख भए अनुसार स्को रेलवेले यातायात सञ्चालनमा अवैध हस्तक्षेपको परिणाम स्वरूप पुल भत्किएको आरोप लगाएको छ ।

'दुर्भाग्यवश त्यहाँ ७ जनाको मृत्यु भएको छ,' स्थानीय गभर्नर अलेक्ज्याण्डर बोगोमाजले टेलिग्राममा भने, 'दुई जना एक बच्चा सहित गम्भीर घाइते छन् ।'

सबै घाइते यात्रुहरूलाई ब्रायनस्क क्षेत्रको मेडिकल सुविधामा लगिएको उनले जानकारी दिए ।

मस्कोको अन्तरक्षेत्रीय यातायात अभियोजकको कार्यालयले अनुसन्धान सुरु गरेको बताएको छ । शनिबार साँझ पुलवाट खसेपछि रेलको लोकोमोटिभ र धेरै कारहरू पटरीबाट खसेको अधिकारीहरूले बताएका छन् ।एजेन्सी

# नेताले भ्रष्टाचार गर्दैनन् भन्ने आभास दिन सक्नुपर्छः नेता थानी



**काठमाडौँ ।**

नेपाल विद्यार्थी सङ्घमा आबद्ध भई तीसको दशकदेखि राजनीति सुरु गरेका नेपाली कांग्रेसका नेता हृदयराम थानीले भ्रष्टाचार नियन्त्रण र सुशासनका पक्षमा निरन्तर आवाज उठाउँदै आएका । कर्णाली प्रदेश, सुर्खेतको वीरेन्द्रनगर–१ बाङ्गेसिमलका थानी हाल सुर्खेत निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित छन ।

यसअघि विसं २०५६ मा प्रतिनिधिसभा सदस्य, विसं २०७० मा संविधानसभा सदस्य तथा राज्यव्यवस्था समिति सभापति भइसक्नुभएका उनि हाल पार्टीको केन्द्रीय कार्यसमिति सदस्य छन । मुलुकको राजनीतिक व्यवस्था परिवर्तन र लोकतन्त्रका पक्षमा भएका आन्दोलनमा करिब दुई वर्ष जेलजीवन बिताउनुभएका प्रनिधिसभा सदस्य थानी जनआन्दोलन विसं २०६२/६३ का घाइतेसमेत भएका छन। उनि भन्छन, भ्रष्टाचारलगायत देशमा देखिएका विकृति र विसङ्गतिलाई अन्त्य गर्न सरकारले हिम्मतका साथ पहलकदमी लिनुपर्छ ।

*संसदीय अभ्यास, भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवद्र्धन, संविधान संशोधन, युवा विदेश पलायन, कृषि, केही दिनअघि सदनमा प्रस्तुत भएको वार्षिक बजेटलगायत समसामयिक विषयमा रासस समाचारदाता सुशील दर्नालले लिए अन्तर्वार्ताको सम्पादित अंशः*

**आजभोलि के गर्दै हुनुहुन्छ, केमा व्यस्त हुनुहुन्छ ?**

केही समयअघिसम्म सङ्घीय सदनमा सरकार ल्याएको नीति कार्यक्रममाथिको छलफलमा व्यस्त थिए । सरकारले यही जेठ १५ गते आर्थिक वर्ष २०८२/८३ को बजेट ल्याएको छ । त्यसअघि मेरो निर्वाचन क्षेत्र सुर्खेतमा बजेट व्यवस्थापनका लागि पहल गरे ।

मुख्य जिम्मेवारी सदन र संसदीय समितिका बैठकमा सहभागी भइ कानून निर्माणमा आफ्नो धारणा राख्ने काम भइरहेको छ । सदन नभएको समयमा जिल्ला जाने, मतदाताको समस्या बुझ्ने र समाधानका लागि पहल गर्ने काम पनि भएको छ ।

**प्रतिनिधिसभामा तपाईंको अहिलेसम्मको अनुभव कस्तो रह्यो ?**

विसं २०५६ को र अहिलेको संसद् भिन्न छ । त्यसबेला र अहिले सदन सञ्चालनको तौरतरिका फरक छ । सूचना, सञ्चार प्रविधिको विकाससँगै संसदीय गतिविधिमा पनि परिवर्तन भएको छ । अहिले सदनमा सांसदले बोलेका विषय जनताले घरबाटै प्रत्यक्ष हेर्न र सुन्न पाउँछन् । सदन जनताको सर्वोच्च थलो बनेको छ । सांसद र सदनको मुख्य काम कानुन बनाउने हो । तर सांसदले विकास निर्माणको काम पनि गर्नपर्छ । जनताका आवाजलाई सदनमार्फत सरकारको ध्यानाकर्षण गराउने काम पनि गर्नैपर्छ । यद्यपि, सांसदले उठाएका जनताका सबै विषयवस्तु सरकारले कार्यान्वयन गर्छ भन्ने होइन ।

**संविधान कार्यान्वयनको अवस्थालाई तपाईंले कसरी मूल्याङ्कन गर्नुभएको छ ?**

संविधान कार्यान्वयन भएको छ । तर, जति हुनुपर्ने हो त्यति हुन सकेको छैन । देशमा भ्रष्टाचार व्याप्त छ भन्ने आमगुनासो छ । नेपालमा भएका भ्रष्टाचारका घटनालाई ट्रान्सपरेन्सी इन्टरनेशनलले उजागर गर्दै आएको छ । त्यो हिसाबले हामी ‘ग्रे’ लिष्टमा पनि परेका छौँ । सुशासन कमजोर भएकाकारण मुलुक यो अवस्था छ । नेपाललाई अहिले धेरै प्रकृतिको ऋण छ । यसको बारेमा जिम्मेवार शीर्ष नेताले गम्भीरतापूर्वक लिइ समस्या समाधान गर्नुपर्छ । अहिले भ्रष्टाचार कहाँ छ ? होइन, कहाँ छैन भन्ने परिस्थिति बनेको छ । जनतामा निरासा छाएको छ । नेताप्रति वितृष्णा छ । अहिले नेपालका मुख्य ठूला दल कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) को सरकार रहँदा पनि मुलुकले आशातित गति लिन सकिरहेको छैन । यो सरकारले पनि जनताका समस्या समाधान हुन सकेन भने कुन सरकारले काम गर्न सक्छ ? त्यसकारण वर्तमान सरकारलाई काम नगर्ने छुट छैन । भ्रष्टाचारलगायत देशमा देखिएका विकृति र विसङ्गतिलाई सरकारले छिटो हिम्मतका साथ अन्त्य पहलकदमी लिनुपर्छ ।

**देशलाई आत्मनिर्भर कसरी बनाउन सकिन्छ ?**

विगतमा देशमै उत्पादन गर्दै आएका खाद्यान्न र तरकारीलगायतका अत्यावश्यक वस्तु पनि विदेशबाट आयात गर्नु परिरहेको छ । पहिलो कुरा, नेपाललाई कसरी कृषिबाट आत्मनिर्भर बनाउन सकिन्छ, त्यसका लागि सरकारको प्रष्ट दृष्टिकोण चाहिन्छ । हामी जल, जमिन, पर्यटन, जनशक्ति र जडीबुटीलगायतमा धनी छौँ । यहाँको पानी यत्तिकै बगेर खेर गइरहेको छ । पर्याप्त विजुली निकाल्न सकेका छैनौँ । नेपाल प्राकृतिक रुपमा धनी छ । तर यी सबै कुराको सही व्यवस्थापन र सञ्चालन हुन सकेको छैन ।

**सरकारले कृषि क्षेत्रलाई अझै प्रभावकारी बनाउन के गर्नुपर्छ ?**

किसानलाई मलको अभाव हुन नदिन रासायनिक मल कारखाना सञ्चालन गर्ने कुरा धेरै वटा सरकारले गरको छे । त्यो कुरा वर्तमान सरकारले पनि नीति तथा कार्यक्रममा समावेश गरेको छ । तर मल कारखाना अहिलेसम्म खुलेको छैन । सिँचाइ र कृषिसँगै जोडेर लैजानुपर्ने छ । कृषिसँग सिँचाइ मन्त्रालय गाभ्दा उपयुक्त हुन्छ भन्ने लाग्छ । सरकारले किसानलाई समयमै बीऊविजन, मल, सिँचाइ र बजारको व्यवस्थापन गर्नुपर्छ । त्यो हुन सकिरहेको छैन । हरेक वर्ष समयमा मल र बीउबिजन पाइएन भन्ने किसानको गुनासो कायमै छ ।

**तपाईंले निर्वाचनको समयमा जनतासँग गर्नुभएको प्रतिबद्धता कति पूरा गर्नुभयो ?**

मैले सुर्खेत निर्वाचन क्षेत्र नं २ को सवालमा जनतासमक्ष जे कुरा बोलेको थिए, इमान्दारिताका साथ ती विषय सम्बोधन गर्न सुरुआत गरिसकेको छु । तर, ती प्रतिबद्धता पूरा गर्नका लागि सरकारको मन्त्री हुनुपर्ने रहेछ । म मन्त्री भएको छैन । मन्त्रीलाई पैसा छैन भन्छन् । पहुँचका आधारमा निर्वाचन क्षेत्रमा बजेट लैजान्छन् । गत वर्ष कर्णाली प्रदेशअन्तर्गतका १० जिल्लामा साढे सात अर्ब बजेट विनियोजन भए पनि पहुँच नभएका कारण कुनै एउटा जिल्लालाई रु आठ करोडमात्र दिइयो । सरकारले सबै जिल्लामा समान रुपमा बजेट व्यवस्था गर्नुपर्छ । म र मेरा मान्छेबाहेक अरुलाई पैसा नहाल्ने भन्ने हुनु भएन ।

**सुर्खेत जिल्लाको पर्यटनको विकासका निम्ति के गर्न सकिएला ?**

सुर्खेत भएर रारा गएको मानिस फेरि त्यो बाटो जान खोज्दैन । किनभने सुर्खेतबाट जाने सडक राम्रो छैन । अन्य जिल्ला जस्तै सुर्खेत पनि पर्यटकीय हिसाबले सम्पन्न छ । सुर्खेतमा बुलबुले ताल, काँक्रेविहार र धार्मिक महत्व बोकेको देउती बजैको प्रख्यात मन्दिर छ । तर आवश्यक प्रचारप्रसार र पर्यटनसँग जोडेर सही व्यवस्थापन हुन सकेको छैन ।

**सरकारले यही जेठ १५ गते सदनमा प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटमाथि तपाईंको टिप्पणी के छ ?**

यो बजेट खराब छैन र उत्कृष्ट पनि भन्न मिल्दैन । बजेटमा सन्तुलन कायम हुने योजना छैनन् । बजेट गाली खाने र प्रशंसा पाउने प्रकृतिको पनि छैन । बजेटले दीर्घकालीन योजना पनि ल्याएको देखिन्न । समग्रमा यो बजेट मुलुकको अवस्थाअनुसार काम चलाउ मात्रै छ ।

**संविधान संशोधनको विषयमा तपाईं धारणा के छ ?**

वर्तमान सरकार गठनका क्रममा संविधान संशोधन गर्ने भनियो । अहिले प्रतिपक्ष दलले संसद् अवरोध गर्ने भनेको छ । यदि संविधान संशोधन गर्ने हो भने सबै राजनीतिक दललाई सहमतिमा ल्याउनुपर्छ । यसका लागि सर्वपक्षीय, सर्वदलीय सहमतिको आवश्यकता छ । त्यो भएको देखिँदैन । संविधान संशोधनको विषय हाल सात बुँदेमा र भाषणमा मात्र सीमित छ । प्रक्रिया अगाडि बढेको देखिन्न । प्रतिनिधिसभामा कांग्रेस एमालेको दुई तिहाइ हुनसक्छ तर राष्ट्रियसभमा त त्यो छैन । कम्तीमा सरकारले संविधान संशोधनका लागि पहल गरेको देख्नुप¥यो । अहिले नारामात्रै सीमित छ ।

**सङ्घीयता अत्यन्त महँगो भयो भन्ने कुरा आएको छ, योबारेमा तपाईंको धारणा के छ?**

मुख्यकुरा यो अहिलेको सङ्घीय संरचनालाई बलियो बनाउन सबै राजनीतिक दल एक ठाउँमा आउनुपर्छ । सङ्घ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिको सङ्ख्या बढी भयो घटाउनु पर्छ भन्ने तर्क आएको छ । तर यो विषयमा पहिले दलहरुबीच सहमति हुनुपर्छ । कम खर्चमा मुलुक चलाउ भन्ने जनताको भनाइ ठीक छ । तर, त्यसतर्फ नेताको ध्यान पुगेको देखिँदैन । पहिला चर्चामा पनि आएको विषय राष्ट्रियसभाको अध्यक्ष उपराष्ट्रपति हुने भन्ने थियो । त्यो राम्रो विषय हो । यस्ता विषयमा सबै राजनीतिक दल बसेर सल्लाह हुन जरुरी छ । कुनै एउटा पार्टी वा व्यक्तिको धारणाले मात्र संविधान संशोधन हुँदैन ।

**जनताको अवस्था परिवर्तन गर्न प्रमुख शक्ति मिलेर काम गर्नुपर्नेमा त्यो देखिँदैन, किन ?**

विकासका हिसाबले हाम्रो देश पछि परेको छ । जनता भ्रष्टाचारदेखि दिक्क भएका छन् । कुनैबेला लाखमा भ्रष्टचार हुने गरेकामा अहिले अर्बमा भइरहेको छ । नीतिगत भ्रष्टाचार भइरहेको छ । त्यसैले सबैभन्दा पहिला सबै मिलेर भ्रष्टाचार हटाउनुपर्छ । जनताको भावनाअनुसार अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता हो । नेताहरुले भ्रष्टाचार गर्दैनन् भन्ने विश्वासको भावना जनतालाई दिलाउन सक्नुपर्छ ।

**युवा पलायन रोक्न के गर्न सकिन्छ ?**

पहिलो कुरा, सरकार र राजनीतिक दलहरुले देशभित्रै रोजगारीको व्यवस्था हुन्छ भन्ने विश्वास दिलाउन सक्नुपर्छ । हामीले युवालाई आफ्नै देशभित्र भविष्य देखाउन सक्नुपर्छ । नेपालमा केही गर्न सकिँदैन भन्ने भाष्यलाई गलत सावित गरिदिनुपर्छ । त्यसका लागि अध्ययनका लागि विदेश गएका युवालाई स्वदेश फर्किएर काम गर्नसक्ने वातावरण दिन सक्नुपर्छ । भ्रष्टाचार रोक्न, देशको विकास गर्न र रोजगारी पनि दिन नसक्ने हुँदैन । भविष्य यही छ भनी युवालाई विश्वास दिलाउनसक्ने अवस्था अझै बनेको छैन । यो कुनै एक व्यक्ति र दलले गरेर हुने होइन, सरकारले नै गर्नुपर्छ ।

**अन्त्यमा, के भन्नुहुन्छ ?**

एकदमै निरास भइहाल्नपर्ने अवस्था छैन । व्यवस्था परिवर्तन भएको छ । अब अवस्था परिवर्तन गर्नुपर्नेछ । अवस्था पनि त्यति धेरै कमजोर भयो भन्ने होइन । हाम्रो देशमा विकासका लागि आश्यक स्रोत र साधन सबै छ । तर, त्यसको ठीक ढङ्गबाट भने सदुपयोग हुन सकेको छैन । देश विकासमा दत्तचित्त भएर सबै लाग्नुपर्छ । उत्साह र इमान्दारीका साथ मुलुक बनाउन अभियानमा जुट्नपर्छ । घरपरिवार, समाज हुँदै देश बनाउन सकिएमा हाम्रो भविष्य उज्वल छ ।रासस

# भक्तपुर–नगरकोट सडक स्तरोन्नति

**भक्तपुर ।**

भक्तपुरको प्रमुख पर्यटकीय गन्तव्य नगरकोट जाने मुख्य मार्गका रूपमा रहेको भक्तपुर–नगरकोट सडक चाँगुनारायण नगरपालिकाले पुनर्निर्माण एवं स्तरोन्नति सुरु गरिएको छ ।

गत वैशाखदेखि चाँगुनारायण नगरपालिकाले आयोजना सुरु गरेको नगरकोट भ्रमण वर्ष–२०८२ लाई लक्षित गर्दै नगरपालिकाले आफ्नो आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नेगरी भक्तपुर–नगरकोट सडक स्तरोन्नति कार्य सुरु गरेको हो ।

नगरपालिकाले सडक निर्माणका लागि भक्तपुर नगरकोटसम्मको १५ किलोमिटर सडकखण्ड स्तरोन्नति आफ्नै आन्तरिक स्रोतबाट गर्नेगरी बोलपत्र आह्वान गर्दै १७ करोड रुपैयाँमा ठेक्का सम्झौता गरी स्तरोन्नति एवं पुनर्निर्माण सुरु गरेको हो ।

एक्जिम बैंक इन्डियाको ऋण सहयोगमा नेपाल सरकारसँग २०७३ असार ३ गतेसम्म सम्पन्न गर्नेगरी २०७१ जेठ २२ गते शैलुङ कन्स्ट्रक्सन र भारतीय कम्पनी अराभली इन्फ्रापावर लिमिटेडले संयुक्त निर्माण गर्नेगरी २७ करोड रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । सम्झौता गरेको ११ वर्षमा १०औँ पटक म्याद थप गरेर लागत बढाउँदै ३१ करोड रुपैयाँ पुर्याउँदा पनि विभिन्न बाहना गर्दै सडक निर्माण सम्पन्न नगरेपछि गत पुस अन्तिम साता सडक सुधार तथा विकास परियोजना निर्देशनालयले उक्त सडकको ठेक्का सम्झौता रद्द गर्ने निर्णय गरेको थियो ।

नगरप्रमुख खत्रीले भने, –‘चाँगुनारायण नगरपालिकाले आयोजना गर्ने नगरकोट भ्रमण वर्ष नगरकोटको मात्र नभई सिङ्गो देशको महोत्सव हो, यहीँ सडकका कारणले महोत्सवमा समस्या आउन दिनु हुँदैन । मैले जनतासँग प्रतिबद्धता गरेको छु, त्यो प्रतिबद्धता पूरा गर्दै भ्रमण वर्ष सफल पार्न नगरपालिकाले नै सडक स्तरोन्नति गर्न ठेक्का सम्झौता गरी अब आसप्लान्ट पिच (कालोपत्र) गर्न बेस बिछ्याउने काम सुरु गरेका छौँ ।’

सरकारले लगाएको ठेक्का ११ वर्षसम्म पूरा नभएर सडक अलपत्र पारेको पीडा जनताले धेरै भेगकाले यो सडकलाई पूरा गर्न भक्तपुर– नगरकोट सडकको स्तरोन्नति आवश्यक रहेको उनले बताए । केन्द्रीय सरकारले यो सडक पुनः स्तरोन्नति गर्न यस वर्ष बजेट नभएको र प्रक्रियामा जाँदा प्रक्रिया पूरा गर्नै लामो समय लाग्ने मन्त्रालयले जनाएपछि नगरपालिका आफैँले कालोपत्र गर्न लागेको नगरप्रमुख खत्रीले बताए ।

उनले भने, ‘सम्बन्धित मन्त्रालयसँग र सडक विभागसँग छलफल गरेरै काम थालनी गरेका हौँ । नगरकोट आउने पर्यटकलाई सहज हुनेगरी खाल्डो पुर्ने र सडकको स्तरोन्नति गरेर कालोपत्र गर्छौँ । सडकको पेटी बनाउने, ड्रेन बनाउने र बाँकी अरु काम केन्द्रीय सरकारले गर्नेगरी छलफल भएको छ । त्यसैले कालोपत्रका लागि ठेक्का सम्झौता गरेका हौँ ।’

शैलुङ्ग कन्स्ट्रक्सनले अलपत्र छाडेको सडकमा नगरपालिकाले नगरकोटबाट सडकको लेबल मिलाएर गाइब्रेल हाल्दै बेस मिलाउने काम सुरु भइसकेको र त्यसमाथि आसप्लान्ट कालोपत्र गरिने बताए । उनले एक महिनाभित्र सडकका सबै निर्माण सम्पन्न गरिने बताए ।

त्यसैगरी बागमती प्रदेश सरकारको ५९ करोड रुपैयाँको लागतमा भक्तपुर नगरपालिकाको डेकाचादेखि चाँगुनारायण हुँदै काठमाडौँको साँखु नौ किलोमिटर सडक कालोपत्र सुरु भएको छ ।

# ‘धिमे बाजा’को संरक्षणमा जुट्दै भोजपुरका नेवार समुदाय

**भोजपुर ।**

भोजपुरको नेवार समुदाय आफ्नो भाषा र संस्कृतिको जगेर्नामा जुटेको छ । लोप हुन लागेको धिमे बाजाको परम्परालाई संरक्षण गर्न जिल्लामा एकमहिने धिमे बाजा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ ।

नेवार समुदायमा प्रचलित धिमे बाजालाई जोगाइराख्न नेवाः मिसा दबुको आयोजनामा एकमहिने तालिमको आयोजना गरिएको संस्थाकी अध्यक्ष अवनी शाक्यले बताईन । नयाँ पुस्तामा धिमे बाजाका बारेमा जानकारी गराउँदै यसतर्फ प्रोत्साहन गर्न यो तालिमको आयोजना गरिएको उनको भनाइ छ ।

धिमे बाजा नेवार समुदायमा हरेक शुभकार्यमा बजाइने चलन रहँदै आएको छ । प्रशिक्षक प्रेम शाक्यले सबै मिलेर आफ्ना बाजा, वेशभूषा, संस्कार र संस्कृति जीवन्त राख्न आवश्यक भएको बताए । उनले भने, ‘आफ्नो संस्कार र संस्कृतिको संरक्षण गर्दै नयाँ पुस्तालाई पनि सीप र कला हस्तान्तरण गर्न यस्ता प्रशिक्षण जिल्ला तहमा महत्त्वपूर्ण हुनेछन् ।’

युवा पुस्ताले चासो नदिए संस्कृति नै हराउने जोखिम बढेको छ । विगतदेखिका कला, संस्कृति र परम्परा जोगाउन आफूले युवाहरूलाई प्रोत्साहन गर्दै आएको अध्यक्ष शाक्यले बताए । पन्ध्र जनाको सहभागितामा आयोजित प्रशिक्षणले धिमे बाजाको ज्ञानसहित आफूहरूलाई सो बजाउने चरणबद्ध तरिकासमेत आएको प्रशिक्षणका सहभागी निलेस प्रधानले बताए । ‘मलाई धिमे बाजाका बारेमा ज्ञान थिएन, एक महिनाको तालिम लिएपछि अब बजाउन पनि आउँछ’, उनले भने ।

धिमे बाजा नेवार समुदायमा नयाँ वर्ष, विजयादशमी, दीपावली, गाईजात्रालगायत पर्वमा बजाउने गरिन्छ । नयाँ पुस्तामा सांस्कृतिक ज्ञान र सीप हस्तान्तरण नहुँदा संस्कृति लोप हुने अवस्थामा पुग्ने भएकाले यसलाई जोगाउन जरुरी रहेको नेवार समुदायका अगुवाहरूको भनाइ छ । पुराना संस्कार र संस्कृतिको जगेर्नामा नगरपालिकाले पनि सहयोग गर्दै आएको भोजपुर नगरपालिकाका प्रमुख कैलाशकुमार आलेले बताए ।

नेपाली संस्कार र संस्कृति अमूल्य सम्पत्ति भएकाले सबै भाषा, धर्म र संस्कृतिको संवद्र्धन जरुरी रहेको नगरप्रमुख आलेको धारणा छ । प्रशिक्षणका क्रममा आर्जन गरेका सीप व्यवहारमा उतार्न जरुरी रहेको उल्लेख गर्दै नगरप्रमुख आलेले धिमे बाजा केवल बाजामात्र नभएर मौलिक संस्कृति र पहिचान भएको बताउनुभयो । नेवाः मिसा दबु भोजपुरको आयोजना तथा भोजपुर नगरपालिकाको सहयोगमा सञ्चालित एकमहिने धिमे बाजा प्रशिक्षण कार्यक्रम शनिबार सम्पन्न भएको छ ।

# नमूना भेटेरिनरी अस्पताल निर्माण सुस्त गतिमा

**तनहुँ ।**

व्यास नगरपालिका–३ दमौलीस्थित ‘नमूना भेटेरिनरी अस्पताल’ भवन निर्माण कार्य सुस्त गतिमा भइरहेको छ । अठार महिनामा पूरा गर्नेगरी २०७८ भदौमा सम्झौता भए पनि उक्त भवन अझै निर्माण सम्पन्न हुन सकेको छैन ।

निर्माण कम्पनीले ढिलासुस्ती गरेका कारण सम्झौताअनुरुप काम सम्पन्न हुन नसकेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ ।

गण्डकी प्रदेश सरकारबाट पहिलो चरणमा कास्की र तनहुँमा नमूना भेटेरिनरी अस्पताल निर्माणका लागि छनोट गरेको थियो । एकैसाथ निर्माणकार्य थालेको कास्कीको नमूना अस्पताल निर्माण सम्पन्नपछि सेवा प्रवाह दिन थालिसकेको छ ।

पहिलोपटकको सम्झौता म्यादभित्र निर्माणकार्य सम्पन्न गर्न नसकेपछि दोस्रोपटक म्याद थप गरिएको प्रमुख वरिष्ठ मत्स्य विकास अधिकृत रविनसन अधिकारीले जानकारी दिए । उनले भने, ‘उक्त अवधिमा पनि सम्पन्न नभएकाले तेस्रोपटक म्याद थपको प्रक्रिया अघि बढाइएको छ ।’ गण्डकी प्रदेश सरकारको चार करोड ९० लाख ८३ हजार रुपैयाँको लागतमा भवन निर्माण गर्न सम्झौता भएको थियो ।

‘हालसम्म ७० प्रतिशत भौतिक र ५२ प्रतिशत वित्तीय काम भएको छ’, कार्यालय प्रमुख अधिकारीले भने । पशुपन्छीपालक किसानलाई सहज रूपमा सेवा प्रवाह गर्न सुविधासम्पन्न भवन निर्माण अघि बढाइएको हो । तनहुँसहित गोरखा र नवलपुर गरी तीन जिल्लाका किसानले यस अस्पतालबाट लाभ लिन सक्ने छन् । अस्पतालमा शल्यक्रिया, थेरापी, सघन उपचार कक्ष, यएसजी सेवा र दुई प्रयोगशालासहित २३ कोठा छन् ।रासस

# जनकपुर–जयनगर रेलमार्गमा भारतीय ट्रेन सञ्चालन
## नेपाली रेल मर्मतका लागि लखनउ पठाइयो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुर–जयनगर रेलमार्गमा आइतबारदेखि भारतीय ट्रेन सञ्चालनमा आएको छ । नियमितरूपमा सञ्चालन हुँदै आएको नेपालको रेल इञ्जिन तथा डिब्बाको मर्मतका लागि भारतको लखनउ पठाइएपछि सोको स्थानमा भारतीय रेलले सेवा दिने व्यवस्था गरिएको हो । नेपाल रेल्वेका महाप्रबन्धक निरञ्जन झाले यस्तो जानकारी दिएका हुन् । उनका अनुसार नेपाली रेललाई सम्पूर्ण मर्मतसम्भार गरी पुनः सञ्चालनयोग्य बनाउन करिब १२ करोड रुपैयाँ खर्च हुनेछ । यो खर्च भारत सरकारले बेहोर्ने भएको छ । जीएम झाले भने, 'तीन वर्षभन्दा बढी समयसम्म सेवा दिइसकेको रेलको मर्मत आवश्यक थियो । यस अवधिमा जनताले सेवा नपुग्ने अवस्था आउन नदिन भारत सरकारको सहयोगमा वैकल्पिक भारतीय रेलमार्फत सेवा निरन्तरता दिने निर्णय लिइएको हो ।' नेपाल रेल लखनउबाट मर्मत भई पुनः फर्किन करिब दुई महिना लाग्ने बताइएको छ । यस बीचमा भारतको रेलमार्फत सोही समय तालिका अनुसार सेवा सञ्चालन हुनेछ । हाल सञ्चालनमा ल्याइएको भारतीय रेलमा एसी सुविधा भने उपलब्ध छैन । तर, जनकपुर–जयनगर रेलमार्गमा नियमित सञ्चालन भइरहनेछ । जीएम झाले जनताको सुविधा सुनिश्चित गर्न सेवा नियमितरूपमा चलाउने प्रतिबद्धता जनाए । रेल सेवा सञ्चालन र पूर्वाधार विस्तारमा भारत सरकारले पछिल्ला वर्षहरूमा निरन्तर सहयोग गर्दै आएको छ । जीएम झाले यसअघि पनि रेल ट्र्याक मर्मतका लागि करिब २० करोड रुपैयाँ बराबरको सहयोग भारतबाट प्राप्त भएको बताए । 'भारत सरकारले रेल सेवा कायम राख्न प्राविधिक, आर्थिक र पूर्वाधार सहयोग गर्दै आएको छ । यो नेपाल रेल्वेका लागि अत्यन्तै महत्वपूर्ण छ,' उनले भने ।




### दैनिक सञ्चालन हुने रेल सेवाको पूर्ववत् समय तालिका यसप्रकार छः

बिहान ७:३० बजे भङ्गहा (बिजलपुरा)बाट रेल छुटेर ९:१५ बजे जयनगर पुग्ने ।
जयनगरबाट बिहान १० बजे छुट्ने रेल ११:१५ बजे जनकपुरधाम पुग्ने ।
सोही रेल ११:४५ बजे जनकपुरबाट प्रस्थान गरी १:१५ बजे जयनगर पुग्ने ।
दिउँसो १:४५ बजे जयनगरबाट छुट्ने अर्को रेल ३:१० बजे जनकपुरधाम पुग्ने ।
जनकपुरबाट ३:१५ बजे छुटेको सोही रेल ४:४० बजे जयनगर पुग्ने ।
अन्तिम रेल दिउँसो ४:४५ बजे जयनगरबाट प्रस्थान गरी साँझ ७:१५ बजे भङ्गहा (बिजलपुरा) पुग्ने र त्यहीं रात्रि विश्राम गर्ने ।

# मधेश सरकार र शहीद संघर्ष समितिबीचको वार्ता शुरुवातमै स्थगित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
१६ वर्षदेखि न्यायको खोजीमा संघर्षरत मधेशी शहीद तथा घाइतेका परिवारले सरकारसँग गरेको बहुप्रतीक्षित वार्ता शुरुवातमै अलपत्र परेको छ । मधेश प्रदेश सरकार र आन्दोलनरत मधेशी शहीद तथा घाइते हकहित संघर्ष समिति बीच आइतबार गृह मन्त्रालयमा शुरु भएको वार्ता गणपूरक उपस्थिति नपुगेको कारण स्थगित भएको हो । गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखी नेतृत्वको वार्ता टोली र संघर्ष समिति प्रतिनिधिबीच प्रारम्भिक छलफल हुँदैगर्दा शहीद परिवारहरूको संख्या र प्रतिनिधित्वमा उठेको विवादले प्रक्रिया स्थगनको दिशातिर मोडिएको हो । सरकारका अनुसार मधेश आन्दोलनका क्रममा शहीद भएका मधेशी नागरिकको संख्या ६३ जना रहेको छ । तर, वार्तामा २२–२३ जनामात्र सहभागी भएको देखिएपछि सरकारले वार्ता समितिको वैधानिकता र प्रतिनिधित्वमा प्रश्न उठाएको छ । गृह मन्त्रालयका कानुन अधिकृत एवम् सरकारी वार्ता टोलीका सदस्य लक्ष्मण राई भन्छन्, 'हामीले संघर्ष समितिलाई जेठ १३ मै पत्र पठाएर वार्ताका लागि पाँचजना प्रतिनिधिको नाम पठाउन आग्रह गरेका थियौं । तर, न नामावली आयो, न त पर्याप्त प्रतिनिधित्व । यस्तो अवस्थामा औपचारिक वार्ता अघि बढाउन सकिने अवस्था रहेन ।'
मन्त्री लेखीले पनि वार्तालाई औपचारिकता मात्र नभई समस्याको समाधानको थालनीका रूपमा लिएको बताए पनि संघर्ष समितिको संयोजन र उपस्थितिप्रति असन्तुष्टि जनाउँदै वार्ता स्थगित गरिएको स्पष्ट पारे । तर, आन्दोलनरत संघर्ष समितिले भने सरकार स्वयं वार्ता सफल नहोस् भन्ने मानसिकताबाट अगाडि बढेको आरोप लगाएको छ । संयोजक अवधेश प्रसाद पटेल भन्छन्, 'हामी १६ वर्षदेखि सरकारसँग माग राखिरहेका छौं । आज वार्ता शुरु भयो भनेर आशा गरेका थियौं । तर, फेरि तानाशाही शैलीमा संख्या गनेर वार्ता रोक्ने काम गरियो ।' उनका अनुसार उपस्थित सबै प्रतिनिधि मधेश आन्दोलनमा प्रत्यक्ष शहीद वा घाइतेका परिवारका सदस्य हुन् । 'सरकारलाई समस्या समाधान नभई ढिलो गर्ने बहाना खोज्न मात्र चासो देखियो,' पटेलले भने । संघर्ष समितिले सरकारसँग सातवटा प्रमुख माग राख्दै आएको छ । मागमा मधेशी शहीद प्रतिष्ठानमा तत्काल नियुक्ति प्रक्रिया अघि बढाउने, शहीद र घाइते परिवारलाई स्वास्थ्य बीमा उपलब्ध गराउने, एक परिवार एक रोजगार कार्यक्रम लागू गर्ने, छात्रवृत्ति र सम्मान कार्यक्रम पुनः शुरु गर्ने विषय समावेश छन् । विगतमा मुख्यमन्त्री लालबाबु राउतको नेतृत्वमा घोषणा गरिएका योजना र कार्यक्रमहरू हालको सरकारले 'पुनरावलोकन'को नाममा स्थगित गरेको संघर्ष समितिको आरोप छ ।

# नविल बैंक जनकपुर शाखाको सेवा अस्तव्यस्त



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रिमियम सेवा दिने दाबी गर्दै आएका निजी क्षेत्रका सशक्त बैंकहरूमध्ये एक नविल बैंकको जनकपुर शाखामा सेवा प्रवाह पूर्णरूपमा अस्तव्यस्त देखिएको छ ।
आइतबार शाखामा देखिएको भीड व्यवस्थापन गर्न नसक्दा बैंकमा गएका सेवाग्राहीहरू दिनभर सास्ती खेप्न बाध्य भए । बिहान १०:३० बजेपछि बैंक परिसर सेवाग्राहीको भिडले भरिँदा समेत व्यवस्थापनको तर्फबाट कुनै पूर्वतयारी देखिएन । बैंकले सञ्चालनमा ल्याएको टोकन प्रणाली प्रभावहीन देखियो भने काउन्टरको संख्या नबढाइएकाले सेवाको गति अत्यन्त सुस्त थियो । एक मात्र क्यास काउन्टरबाट काम चलाइँदै गर्दा धेरैजसो सेवाग्राहीलाई चेक साट्न वा जम्मा गर्न घण्टौं कुर्नु परेको
थियो । कतिपयले पालो आउनु त परै जाओस्, कहिले आउने हो भन्ने जानकारीसमेत नपाएको गुनासो गरे । काउन्टर कर्मचारीहरू बीचमै कुराकानीमा अल्झिने, मोबाइलमा समय बिताउने र बीचमा काम छाडेर बाहिर निस्कने दृश्य खुलेआम देखिएको सेवाग्राहीहरूको आरोप छ । यस्तो लापरवाही व्यवहारले बैंकको व्यवसायिक छविमाथि नै प्रश्न उठाएको छ । धनुषाको लक्ष्मीनिया गाउँपालिका–२ निवासी ६५ वर्षीय रामशंकर ठाकुर विहान साढे १० बजे चेक साट्न बैंक आएका थिए । तीन घण्टा कुर्दा पनि पालो नआएको भन्दै आक्रोश व्यक्त गर्दै उनले भने, 'हामी ग्राहक हो कि बैंकसँग दया माग्न आएका हौं? निजी बैंकको नाममा यस्तो सेवा त सरकारी बैंकभन्दा पनि खराब देखियो ।' त्यस्तै, जनकपुरधामकी मञ्जु कुमारी नाम गरेकी एक महिला सेवाग्राहीले भनिन्, 'हामी प्रिमियम सेवा भन्छन् भनेर आएका हौं । तर। यहाँ न कर्मचारी जिम्मेवार छन्, नै व्यवस्थापन सक्षम ।' यस सम्बन्धमा शाखा अपरेशन इन्चार्ज प्रदिप ठाकुरसँग जिज्ञासा राख्दा उनले उक्त अवस्था 'सामान्य ट्राफिक समस्या' भएको प्रतिक्रिया दिए । 'आज केही कर्मचारीहरूलाई बीचबीचमा अन्य काम परेकोले काउन्टर ढिलो भयो,' उनले भने, 'हामी सेवा सुधारका लागि काम गरिरहेका छौं ।' तर, नियमित सेवाग्राहीहरू भने यसलाई बारम्बार दोहोरिने संरचनागत कमजोरीको परिणाम मान्छन् । एक सेवाग्राहीले भने, 'सार्वजनिक बैंकमा यस्तो दृश्य देखिए सामान्य मान्न सकिन्छ । तर, नविल जस्तो प्रतिस्पर्धी र प्रतिष्ठित बैंकले समेत यस्तो गर्न थाल्यो भने ग्राहकको विकल्प कता हो?' नविल बैंकले आफैंलाई 'ग्राहकप्रति उत्तरदायी र अत्याधुनिक प्रविधिमा आधारित सेवा दिने' संस्था भन्दै आएको छ । तर, जनकपुर शाखामा देखिएको वास्तविक अवस्था त्यस दाबीको प्रतिकूल छ । बैंक व्यवस्थापनले सेवा सुधारका नाममा आश्वासन मात्र दिनुको सट्टा तुरुन्त व्यवस्थापन सुदृढीकरणमा ध्यान दिनु पर्ने सेवाग्राहीहरूको माग छ ।

# खेलाडी रहेपनि फेटामा छैन खेल मैदानः युवा नेता दुबे

**राहुल गुप्ता**
**बारा ।**
बाराको फेटा गाउँपालिकाको सातवटै वडाहरुमा जिल्लास्तरीय र राष्ट्रिय स्तरका क्रिकेट खेलाडीहरु रहेपनि खेल मैदानको अभावले पिडामा बस्नु पर्ने बाध्यता रहेको जनमत पार्टीका केन्द्रिय सदस्य उमेश दुबेले बताएका छन् । फेटा गाउँपालिका वडा नम्बर–१ भलुहीमा आयोजित जगतपुर प्रीमियर लिगको उद्घाटन गर्दै केन्द्रिय सदस्य उमेश दुबेले फेटा गाउँपालिकाको सातवटै वडाहरुमा राम्रा क्रिकेट खेलाडीहरु अर्थात जिल्लास्तर खेलाडी रहेपनि खेल मैदानको अभावले अभ्यास गर्न नसकेको बताए । स्थानीय स्तरदेखि केन्द्रसम्मका सरकारले बारा जिल्लाको बिभिन्न ठाउहरुका खेलाडीहरुसंग विभेद गरेको आरोप लगाउँदै समयअनुकुल खेलमैदानको निर्माण हुने खेलाडीहरुलाई आश्वासन दिए ।



उनले स्थानीय स्तरका नेताले चाहना राखेको भए क्रिकेट खेलाडीहरुका लागि अभ्यास गर्ने ठाउँ निर्माण गर्न सक्ने बताउँदै रिवन काटेर खेलको उद्घाटन गरेका थिए । फेटा गाउँपालिका वडा नम्बर–२ का क्रिकेट खेलाडीहरुको सहभागिता हुने आयोजक कमिटिले जनाएको छ । जेपिएल (जगतपुर प्रीमियर लिग)को खेल तिन दिन फेटा गाउँपालिका वडा नम्बर–१ भलुहीको खेल मैदानमा चल्ने आयोजक टिमका राजन कुर्मीले बताए । कार्यक्रममा फेटा गाउँपालिका वडा नम्बर–१ इकाई अध्यक्ष मोहन दास, युवा जनमत संघ फेटा गाउँपालिका अध्यक्ष शेषनाथ यादव, स्थानीय समाजसेवी दिपक दास, छोटेलाल कुश्वाहा, जितेन्द्र दास लगायतको सहभागिता रहेको थियो ।

# अस्पतालमा 'बन्धक' अवस्थामा रहेका किशोरको उपचार खर्च माग्दै धर्ना

**मनोज माझी**
**सप्तरी ।**
सप्तरीको राजविराज नगरपालिका कार्यालयमा आइतवार निकै फरक दृश्य देखियो । बिहान १० बजे कार्यालय खुल्नासाथ मुलगेटमै कोही तरकारी काट्दै थिए भने कोही चामल धुँदै त कोही २÷२ वटा ग्यास चुल्होमा कराही चढाएर खाना पकाउने तयारी गर्दै थिए । झट्ट हेर्दा लाग्थ्यो सार्वजनिक विदाको दिन हो र कर्मचारीहरु पिकनिक मनाउने तयारीमा छन् । काम विषेशले आएका कतिपय सेवाग्राही पनि अलमलमा परे । उनीहरु एक आपसमा कुरा गर्दै वास्तविक्ता बुझ्ने प्रयास गर्न थाले । बुझ्दै जाँदा वास्तविकता भने अर्कै रहेको खुल्यो । नगरपालिकाको मुलगेटमै सप्तरीको बोदेर्बसाईन नगरपालिकाबाट आएका स्थानीयले अनिश्चितकालिन धर्नाका लागी यस्तो तयारी गरेका रहेछन् । ३÷४ वटा ट्याक्टरमा खाना तथा आवश्यक बन्दोवस्तीका समान सहित आएका उनीहरु मागँ पुरा नभएसम्म घर नफर्किने अडानमा छन् । त्यसैले एक महिनाको राशन पानी समेत बोकेर आएको स्थानीयले बताए । गत शुक्रवार देखीनै नगरपालिकाको कार्यालयमा धर्ना थालेका उनीहरुले निरन्तरता दिँदै दैनिक गाउँबाट मान्छे ओसार्दै थप दबाव सृजना गर्ने बताएका छन् । राजविराज नगरपालिकाको गाडीको ठक्करबाट घाइते भएका बोदेवर्साइन नगरपालिका–१ निवासी



१६ वर्षीय राजेश कुमार यादवको उपचार खर्च माग्दै यसरी आन्दोलनलाई निरन्तरता दिइएको उनका काका बैद्यनाथ यादवको भनाई छ । राजेश यादव गत माघ १ गते राजविराज नगरपालिकाको स.१झ. ४८१ नम्बरको स्कारपियोको ठक्करबाट गम्भीर घाइते भएका थिए । बिदाका दिन राजविराजबाट जनकपुरतर्फ जाँदै गरेको सो गाडीमा राजविराज नगरपालिका वडा नं. २ का वडाअध्यक्ष अरुण यादवसहितका केही व्यक्ति सवार थिए । ठक्करबाट हात र खुट्टा भाचिनुका साथै टाउँकोमा गम्भिर चोट लागेका उनलाई प्रहरीले उपचारका लागि सोही दिन बिराटनगरस्थित बिराट नर्सिङ्ग होममा भर्ना गराएको थियो । उक्त गाडी भने चालक विनोद साहले चलाइरहेको नगरपालिका स्रोतले जनाएको छ । उपचारका क्रममा ९२ दिनपछि होसमा आएका भान्जाको उपचारवापतको २५ लाख मध्ये नगरपालिकाले अहिलेसम्म २ लाख रुपैयाँ मात्र दिएको मामा दिपेश यादवको भनाई छ । बाँकी २३ लाख रुपैयाँ बुझाउन नसक्दा अस्पतालले डिस्चार्ज गर्न नमानेको र बाध्य भई आन्दोलनमा उत्रिनु परेको उनले बताए । उनले माग पुरा नभए आफुहरु नगरपालिका परिसर मै आगो लगाएर आत्मदाह गर्ने चेतावनी समेत दिएका छन् । नगरपालिकाले विभिन्न बहाना देखाउँदै थप रकम दिन आलटाल गर्ने गरेको र आफुसँग त्यत्रो ठूलो रकम तिर्ने हैसियत नहुँदा छोरालाई घर ल्याउन नसकिएको बुवा रघुनाथ यादवले लाचारी सुनाए । बोदेबरसाइन नगरपालिकाबाट किशोरका आफन्त र ५५ महिलासहित करिब १ सय २० जनाको संख्यामा आएका स्थानीयले मूलगेटमै धर्ना शुरु गर्दा नगरपालिकाको सेवा प्रवाहमा समेत समस्या उत्पन्न भएको छ । यसैबीच नगरपालिकामा काम गर्न असहज स्थिती उत्पन्न भएपछि कार्यवाहक नगरप्रमुख इसरत परविनले चासो देखाउँदै आइतवार साँझ नै आन्दोलनकारीसंग वार्ता गरेकी छन् । उनले वार्ता सहमतीमा पुगेको जानकारी दिइन् । उनले विराटनगरस्थित विराट नर्सिङ्ग होममा उपचार खर्च बापतको बाँकी रकम तत्काल नगरपालिकाले व्यवस्थापन गरी सोमवार बन्धक अवस्थामा राखिएका किशोरलाई ल्याई आफन्तको जिम्मा लगाउने सहमती बनेको बताइन् । वार्तामा उनीसंगै वडाअध्यक्ष एवम् प्रवक्ता जयनाराण मण्डल, वडाअध्यक्ष शशी चौधरी लगायत सहभागी थिए । यता विदाका दिन वडाअध्यक्षले निजी प्रयोजनका लागी लगेको गाडी दुर्घटनामा पर्दा निजबाट नै क्षतीपुर्ती भराउनु पर्नेमा नगरपालिकाले आफ्नो कोषबाट तिर्न लागेको भन्दै स्थानीयले आलोचना गरेका छन् ।

# आमसञ्चार प्राधिकरण सदस्यमा झा र गुप्ता नियुक्त

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको सञ्चार क्षेत्रको नियमन, विकास र सुदृढीकरणका लागि जिम्मेवार आमसञ्चार प्राधिकरणले पूर्ण संरचना पाएको छ । आइतबार प्रदेश सरकारले दुई जना नयाँ सदस्य नियुक्त गरेपछि प्राधिकरणको नेतृत्व टोली पूर्ण भएको हो । गृह, सञ्चार तथा कानुन मन्त्रालयले प्रदेश सचिव विमलप्रसाद बरालमार्फत ज्योति झा र नविन गुप्तालाई प्राधिकरणको सदस्य पदमा नियुक्त गरेको हो । उनीहरूलाई औपचारिक रूपमा नियुक्तिपत्र हस्तान्तरण गरिएको छ । यसअघि नै जितेन्द्र खड्गालाई प्राधिकरणको अध्यक्षमा नियुक्त गरिएको थियो । अध्यक्ष खड्गाको नेतृत्वमा प्रारम्भिक कार्ययोजना तयार गरिएको भए



पनि संरचनागत अपूर्णताका कारण नीतिगत निर्णय र कार्यान्वयनमा स्पष्ट ढिलाइ भएको थियो । नयाँ सदस्यहरूको आगमनसँगै प्राधिकरणले अब गति लिने र नीतिगत कामहरू अगाडि बढाइने अध्यक्ष खड्गाले बताए । अध्यक्ष खड्गाले भने, 'अब नेतृत्व संरचना पूर्ण भएकाले प्रदेशभर सञ्चार माध्यमहरूको विस्तृत अभिलेख संकलन, आचारसंहिता पुनरावलोकन र मापदण्ड निर्माणतर्फ ठोस पहल हुनेछ ।' नवनियुक्त सदस्य ज्योति झा नेपाल पत्रकार महासंघ मधेश प्रदेशकी उपाध्यक्ष हुन् भने नविन गुप्ता महासंघको सप्तरी शाखाका कोषाध्यक्ष हुन् । आमसञ्चार प्राधिकरणको मुख्य उद्देश्य स्थानीय सञ्चार माध्यमहरूको दर्ता, नियमन, अनुगमन, क्षमता विकास तथा प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा सुनिश्चित गर्नु हो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन